वर्ष : १३, अंक : २७, काठमाडौं, २०७४ कार्तिक ८ गते बुधबार 25 October 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

हार्दिक शुभकामना




छठ पर्वका कारण बुधबार नै पत्रिका प्रकाशन गरेका छौं । – प्रकाशक

## तीन दलका हजारौं नेता कार्यकर्ता फोरम नेपालमा प्रवेश



जनकपुरधाम । संघीय समाजवादी फोरम नेपालमा धनुषा र महोत्तरीस्थित प्रमुख तीन दलका हजारौंको संख्यामा नेता कार्यकर्ताहरू प्रवेश गरेका छन् । नेपाली कांग्रेस, एमाले, माओवादी, नयाँ शक्ति र राप्रपाका केन्द्रदेखि जिल्ला स्तरका नेताहरूको नेतृत्वमा प्रवेश गरेको प्रभावशाली समूहलाई फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले स्वागत गरेका छन् । सोमबार धनुषाको सबैला र महोत्तरीको रामगोपालपुरमा छुट्टाछुट्टै आयोजित पार्टी प्रवेश कार्यक्रममा आगामी प्रतिनिधि सभा र प्रदेश सभाको चुनावमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने क्षमताका नेता कार्यकर्ताहरूको टीम फोरम नेपालमा प्रवेश गरेको हो ।

नेपाली कांग्रेस धनुषा क्षेत्र नं. १ का सदस्य दिपक कार्की, श्याम यादव, जिल्ला सदस्य रामचरित्र यादवको नेतृत्वमा सयौं कार्यकर्ता फोरम नेपालमा प्रवेश गरेका छन् ।

त्यस्तै, नयाँ शक्तिका केन्द्रीय सचिव प्रमोद गुप्ता र नयाँ शक्ति धनुषाका नगर संयोजक भूषण यादव, केन्द्रीय परिषद् सदस्य राजदेव यादव नेतृत्वको समूह पनि फोरम नेपालसँग जोडिएको छ । राप्रपाका नेता एवं स्थानीय चुनावमा धनुषाका उपमेयर प्रत्यास रहेका विनोद यादव, नेता बेचन महतो, एमाले नेता सूर्यनाथ यादव, रामलखन महतो र माओवादी नेताहरू दुखी मंसूर, राजीव यादवको समूह टिका लगाएर फोरम नेपालको सदस्यता लिएको छ ।

## जनशक्ति पार्टी राजपामा गाभिने



काठमाडौं । रामकुमार ओझा नेतृत्व जनशक्ति नेपाल पार्टी र राष्ट्रिय जनता पार्टीबीच एकीकरण हुने भएको छ । गोलो घेराभित्र छाता चुनाव चिह्न रहेको जनशक्ति नेपाल पार्टी राष्ट्रिय जनता पार्टीमा गाभिने भएको छ । राजपा नेपाल र जनशक्ति नेपाल पार्टीका नेताहरूबीच दुवै पार्टी एकीकरण गर्ने सहमति भएको हो । सहमतिमा जनशक्ति पार्टीका अध्यक्ष रामकुमार ओझालाई एक नम्बर उपाध्यक्ष तथा पार्टीका सम्पुर्ण केन्द्रिय समिति सहित सबै नेता कार्यकर्ताहरूलाई सम्मानजनक स्थानमा समावेश गर्ने सहमति भएको स्रोतले जनाएको छ । मंगलबार भएको बैठकमा राजपा अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुर, अध्यक्ष राजेन्द्र महतो, उपाध्यक्ष सर्वेन्द्रनाथ शुक्ला र जनशक्ति पार्टीका अध्यक्ष ओझा र उपाध्यक्ष भरत कोइरालाको सहभागिता रहेको थियो । केन्द्रिय र प्रादेशिक प्रत्यक्ष उम्मेदवार तथा समानुपातिक सांसद सुचिमा समेत जनशक्ति नेपालका नेता कार्यकर्ताहरूलाई पनि समावेश गर्ने र जनशक्ति पार्टीको चुनाव चिह्न गोलो घेराभित्र रहेको छाता खारेज गरी राजपा नेपालको छाता कायम गर्न निर्वाचन आयोगलाई पत्र लेखिने सहमति भएको हो । दुवै पार्टीबीचको एकीकरण अउँदो बिहिबार राजपा पार्टी कार्यालयको प्राङ्गणमा एक विषेश कार्यक्रम गरि यसको औपचारिक घोषणा गरिने स्रोतको दाबी छ ।

## न्यायका लागि अन्तर्राष्ट्रिय अदालत जान्छौं : थारू



कैलाली । टीकापुर घटना अभियोगमा कैदी बनाइएका थरूहट नेता लक्ष्मण थारू राष्ट्रिय जनता पार्टी नेपालमा प्रवेश गरेका छन् । उनी पार्टी प्रवेश गर्दै डीएसपी विश्वराज खडकाको प्रत्यक्ष संलग्नतामा थारूहरूको घरमा आगो लगाइएको आरोप लगाएका छन् । उनले डीएसपी खड्कालाई नेपाल सरकारले कारबाही नगरे अन्तर्राष्ट्रिय अदालतमा जाने चेतावनीसमेत दिएका हुन् । उनले भने, 'हामीसँग प्रमाण छ, विश्वराज खडकाले जनकराज चौधरीको घरमा आफै सामान चोरेका छन् ।' उनले लोकतन्त्रमा सत्ता र बर्दीको पनि मानमर्यादा रहेको जिकिर गरे राजपा अध्यक्ष मण्डलका नेता राजेन्द्र महतोले थारूसहित उनका टीमका अन्य नेताहरूलाई पनि पार्टी प्रवेश गराएका छन् । कैलाली जिल्ला करागारमै पार्टी प्रवेश गरेका थारूले टीकापुर घटनामा तत्काली कांग्रेसी सरकार र बामदेवको ठूलो हात रहेको बताए । उनले टीकापुर घटनाका बेला आफू कोहलपुरको आमसभामा भएको र बाँकेको तत्कालीन सिडिओमार्फत् टीकापुर घटनाबारे थाहा पाएको बताए । उनले भदौ ८ गतेको घटनामा डीएसपी विश्वराज खड्काको प्रत्यक्ष सहभागितामा निरू ट्रेडर्स र जनकराज चौधरीको घरमा आगो लगाइएको र सामान चोरिएको प्रमण आफूहरूसँग भएको बताए ।

## अन्सारीको पार्टीमा दुई पार्टी समाहित



काठमाडौं । मो. रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीमा नेकपा माओवादी केन्द्रका असन्तुष्ट नेताहरूले निर्माण गरेको वाम लोकतान्त्रिक जनपक्षीय मञ्च र आधुनिक नेपाल पार्टी समाहित भएका छन् । आइतबार मधेश मिडिया हाउसमा नेपाल संघीय समाजवादी पार्टीले आयोजना गरेको एकीकरण घोषणा कार्यक्रममा अध्यक्ष अन्सारीले मुलुकलाई निकास दिनका लागि आफूहरू तेस्रो धार निर्माणको अभियानमा अगाडि बढिरहेको बताए । जीतवीर लामा नेतृत्वको वाम लोकतान्त्रिक जनपक्षीय मञ्च र कृष्णगोपाल बन्जारा नेतृत्वको आधुनिक नेपाल पार्टीसहित राजपा नेपालका पूर्वसभासद् तथा असन्तुष्ट नेताहरू पनि अन्सारीको पार्टीमा समाहित भएका छन् । मञ्चका लामा, महासचिव योगेन्द्र घिसिङ, आधुनिक नेपाल पार्टीका कृष्णगोपाल बन्जाा, महासचिव अनिल भण्डारी, राजपा नेपालका पूर्वसभासद् सन्ध्या देव लगायत असन्तुष्टहरू नेपाल संघीय समाजवादी पार्टीमा प्रवेश गरेका छन् ।

'उत्पीडित जनताहरूको संघर्ष र बलिदानले प्राप्त गरेको लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, संघात्मक शासन व्यवस्थाको रक्षा गर्दै, स्वतन्त्रता, समानता, सामाजिक न्याय, सुशासन र समृद्धि तथा दिगो शान्तिको दिशातर्फ अगाडि बढ्ने' संयुक्त विज्ञप्तिमा उल्लेख गरेका छन् ।

# राजपा-फोरम मिले मधेश कब्जा हुन्छ

मधेशवाणी डेस्क




काठमाडौं । मुख्य चाडपर्वको चहलपहलसँगै आगामी मंसिरमा हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन रौनक शुरू भएको छ । नयाँ संविधानबमोजिम पहिलो पटक हुने प्रतिनिधिसभा (संघ) र प्रदेशसभाको निर्वाचनका लागि दलहरूले निर्वाचन आयोगमा दल दर्ता गराइसकेका छन् भने आन्तरिक तयारी पनि शुरू गरेका छन् । संविधानबमोजिम आगामी माघ ७ गतेभित्र सबै तहको निर्वाचन सम्पन्न गर्नुपर्छ । स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ । आगामी मंसिर १० गते र २१ गते दुई चरणमा हुने संघ र प्रदेशको निर्वाचनका लागि दलहरू आ-आफ्ना पक्षमा बढीभन्दा बढी मत ल्याउन चुनावी तयारीमा जुटेका छन् । पहिलो चरणमा हिमाली र उच्च पहाडी जिल्लामा ३२ र दोस्रो चरणमा पहाडी र तराई- मधेशका ४५ जिल्लामा निर्वाचन हुनेछ । संविधानअनुसार प्रत्यक्ष निर्वाचनबाट १६५ र समानुपातिक निर्वाचनबाट ११० जना गरी २७५ जनाको केन्द्रीय प्रतिनिधि सभा गठन हुनेछ ।

**मधेशी दलको रणनीति**

महोत्तरीमा यसअघि ६ वटा निर्वाचन क्षेत्र थिए । २०७० सालको निर्वाचनमा काँग्रेसले २ र एमालेले २ क्षेत्र जितेको थियो भने माओवादीले १ क्षेत्र जितेको थियो । यस पटक महोत्तरीमा ४ वटा निर्वाचन क्षेत्र कायम भएका छन् । एमाले र माओवादी पार्टीले वाम गठबन्धन गरेर संयुक्त रूपमा चुनाव लड्दैछन् । दुई प्रमुख मधेशी पार्टी राजपा र फोरमले पनि गठबन्धन गर्ने निर्णय गरिसकेका छन् । काँग्रेसले राजपा-फोरमसँग चुनावी तालमेलको प्रयास जारी राखेको छ ।

यसपालिको स्थानीय चुनावको परिणाम हेर्ने हो भने महोत्तरीमा मधेशवादी दल र काँग्रेस नै बलिया देखिएका छन् । यदि काँग्रेस-फोरमले चुनावी तालमेल गरे भने महोत्तरीमा वाम गठबन्धनलाई गाह्रो पर्ने देखिन्छ ।

स्थानीय तहको निर्वाचनमा महोत्तरीका वडाहरूमा दलहरूले पाएको मतलाई आधार मान्ने हो संघीय समाजवादी फोरम र राजपा सबैभन्दा अगाडि देखिएका छन् ।

स्थानीय चुनावको मत परिणामलाई हेर्दा काँग्रेस-राजपा-फोरम बीच चुनावी तालमेल भयो भने महोत्तरीका तीन क्षेत्र यो गठबन्धनका पक्षमा जाने ठूलो सम्भावना छ भने निर्वाचन क्षेत्र नम्वर १ मा वाम गठबन्धनसँग कडा प्रतिस्पर्धा हुने देखिन्छ।

यसरी स्थानीय चुनावको मत परिणामलाई हेर्दा काँग्रेस-राजपा-फोरम बीच चुनावी तालमेल भयो भने महोत्तरीका तीन क्षेत्र यो गठबन्धनका पक्षमा जाने ठूलो सम्भावना छ भने निर्वाचन क्षेत्र नम्वर १ मा वाम गठबन्धनसँग कडा प्रतिस्पर्धा हुने देखिन्छ ।

**धनुषामा काँग्रेस बलियो**

उता धनुषामा ४ वटा निर्वाचन क्षेत्र रहेका छन् । असोजमा सम्पन्न स्थानीय तहको निर्वाचनलाई आधार मान्ने हो भने नेपाली काँग्रेस नै यो जिल्लामा सबैभन्दा बलियो देखिन्छ ।

तर मधेशमा प्रतिस्पर्धामा रहेका अन्य चार पार्टीमध्ये एमाले र माओवादीले एउटा चुनावी गठबन्धन र संघीय समाजवादी फोरम र राजपाको अर्को गठबन्धन निर्माण गरेपछि काँग्रेस रक्षात्मक अवस्थामा पुगेको छ ।

काँग्रेसले मधेशमा फोरम-राजपा गठबन्धनसँग चुनावी तालमेल गर्ने प्रयास जारी राखेको छ । यदि यो प्रयास सफल भयो भने धनुषामा काँग्रेस नेतृत्वको चुनावी गठबन्धनकै धनुषामा पल्ला भारी हुनेछ ।

सबै दलहरू छुट्टछुट्टै निर्वाचन लड्ने हो भने नेपाली काँग्रेस बलियो देखिन्छ ।

त्यसैले, यो क्षेत्रमा चुनाव जित्न काँग्रेसलाई फोरम-राजपा गठबन्धनसँग तालमेल आवश्यक छ । काँग्रेसले यहाँ फोरम-राजपासँग चुनावी गठबन्धनको गर्यो भने उनीहरूको पक्षमा २२ हजार भन्दा बढी मत पुग्छ ।

जनकपुर उपमहानगरमा काँग्रेस राजपाको प्रतिस्पर्धा हुन्छ भने उपमहागर बाहिरका स्थानीय तहहरूमा काँग्रेस र एमालेको प्रतिस्पर्धा हुन्छ । उपमहानगरमा राजपा हुनु तर उपमहानगर बाहिर नहुनु अनि उपमहानगर बाहिर एमाले हुनु र उपमहानगरमा एमालेको प्रभाव नहुनु नै काँग्रेसका लागि यो क्षेत्र सहज बनेको हो ।

धनुषा क्षेत्र नं ३ काँग्रेसका नेता विमलेन्द्र निधि निर्वाचन लड्ने क्षेत्र हो । यो क्षेत्रमा भने काँग्रेस अन्य क्षेत्रमा भन्दा धेरै नै बलियो छ । यहाँ काँग्रेस एक्लैको मत एमाले-माओवादी र राजपा-फोरम गठबन्धनको भन्दा धेरै छ ।

वाम गठवन्धन गर्ने निर्णयपछि दुई नम्बर प्रदेशमा एमाले-माओवादी सबैभन्दा बलियो देखिएको जिल्ला सिरहा हो । सिरहाका ४ निर्वाचन क्षेत्रमध्ये ३ मा एमाले र एउटा क्षेत्रमा माओवादी अगाडि छ ।

सिरहामा कांग्रेस-राजपा-फोरमबीच चुनावी तालमेल भयो भने मात्र यहाँ यो गठवन्धनले जित्ने बलियो सम्भावना रहन्छ ।

यी चारै निर्वाचन क्षेत्रका स्थानीय तहको चुनावमा खसेको मत परिणामले भन्छ- यो जिल्लामा एमाले-माओवादीको गठवन्धनले राजपा-फोरम गठवन्धनलाई सजिलै जित्ने सामर्थ्य राख्छ । राजपा-फोरमसँग कांग्रेस र अन्य पार्टीले चुनावी तालमेल गरे भने मात्र एमाले-माओवादी गठवन्धनलाई चुनौती थपिन्छ ।

## माग पूरा गर्ने आवश्वासनपछि आन्दोलन फिर्ता

काठमाडौं । समानुपातिक सूचीप्रति असन्तुष्टि जनाउँदै पाँच दिनदेखि आन्दोलन गर्दै आएका राष्ट्रिय जनता पार्टी नेपालका युवा नेताहरूको आन्दोलन सहमतिपछि सम्पन्न भएको छ । राजपाका अध्यक्षमण्डललाई आन्दोलनरत् युवाहरूले आइतबार बिहान दुईदिने अल्टिमेटमसहितको मागपत्र बुझाएको छ । आज साँझसम्म युवा नेताहरू र अध्यक्षमण्डलबीच भएको वार्तामा माग पूरा गर्ने मौखिक प्रतिबद्धतापछि आन्दोलन समाप्त भएको घोषणा गरिएको राजपा विद्यार्थी संगठनका अध्यक्ष मनिष मिश्रले मधेशवाणीलाई जनाएका छन् । दुवै पक्षबीच भएको वार्तामा आन्दोलनकारीहरूको मागप्रति अध्यक्षमण्डल गम्भीर भइ माग पूरा गर्ने प्रतिबद्धता जनाएको जनाइएको छ ।



**माओवादीले मधेशलाई धोका दियो**
: मृगेन्द्रकुमार सिंह यादव



**माओवादीले जनतासँग घात गर्‍यो**
: हेमराज राई



**नक्कली कम्युनिष्टहरूले मधेशलाई हित गर्दैन**
: मो. रिजवान अन्सारी

अन्तर्वार्ता पृष्ठ ३ मा

**समय सन्दर्भ**

संगीता रेग्मी



## राजपा र संघीय फोरमलाई एकताको जनादेश

*स्थानीय सत्ताका संख्यामा कम हुँदाहुँदै राजनीतिक प्रभावमा उम्दा देखिने मधेशी दलको उदाउँदो शक्ति नै ठूला दलका लागि मधेश उनीहरूको कब्जाबाट मुक्त हुँदै गरेको उदाहरण हो ।*

मधेशमा मोर्चा नै बनाउनुपर्ने गरी क्षेत्रीय दल थिए केही अघिसम्म । अब तर स्थानीय चुनावपछि भने मूलत: दुई दलीय मधेश भएको छ । तेस्रो तथा अन्तिम चरणको स्थानीय तहको चुनावी परिणामले खासगरी मधेशका आठ जिल्लामा पाँच दललाई स्थापित गर्दा मुख्य शक्तिका रूपमा मधेशी दलमा राजपा र संघीय समाजवादीको पुनरूदय भएको छ । नेपाल लोकतान्त्रिक फोरम काँग्रेसमा विलय भएपछि त मधेशमा दुई शक्ति मात्र रहेको छ ।

पछिल्लो पटक मधेशी दलका रूपमा संघीय समाजवादी र राजपाले पाएको मतादेश ती दलहरूको भावी पार्टी एकता वा कम्तीमा सहकार्यका लागि नयाँ जनादेश नै हो । किनभने दुवै दलका मुद्दा समान छन् । क्षेत्र एकै हो र विचार, संस्कृति र संस्कार पनि लगभग समान छ । अब यो मतादेशले दुवै दललाई मिल्न वा सहकार्य गर्न दिएको सन्देश राजपा र संघीय समाजवादीले पालना गर्लान् त ? चुनावी परिणामले यी दुई दललाई मिल्न दिएको सन्देश यिनीहरूले पालन गरे भने दुई दलीय बनेको मधेशी दलको राजनीति अब शक्तिशाली एकदलीय मोर्चा बन्नसक्छ ।

एकतामा बल हुन्छ भन्ने चुनावी सन्देश पालना गर्न उनीहरूले पार्टी एकता नै नगरे पनि चुनावी सहकार्य र तालमेल भने गर्नु अनिवार्य रहेको देखाउँछ ।

राजपा र संघीय समाजवादीले सहकार्य वा तालमेल गरे उनीहरूले एमाले र माओवादीलाई पछाडि धकेलेर कांग्रेसलाई कम्तीमा २ नम्बर प्रदेशमा कडा टक्कर दिनसक्ने स्थिति बनेको छ ।

वर्ष दिनभन्दा लामो मधेश आन्दोलनका मुख्य सहयात्री दल राजपा र संघीय समाजवादी चुनावी तालमेल गरेर जनताकहाँ गएका भए उनीहरू मधेशको पहिलो शक्ति बन्न सक्ने सम्भावना रहेको स्थानीय तहको चुनावले प्रमाणित गरेको छ । किनभने राजपा र संघीय समाजवादी एक्लैले समान रूपमा २४ र २६ स्थानीय तह जिते । तर उनीहरू संयुक्त चुनावी सहकार्य गरेको भए करिब ९० स्थानमा जित्ने सम्भावना थियो ।

बैशाख ३१ को चुनावमा जसरी साझा पार्टी र विवेकशील दल काठमाडौंको स्थानीय चुनावमा मिलेर चुनाव लड्न नसक्दा दुवै दल राजधानी महानगरको मेयर हुन चुकेका थिए, ठ्याक्कै त्यस्तै शैलीमा राजपा र संघीय समाजवादी मिलेर चुनावमा जान नसक्दा मधेशमा पहिलो शक्ति हुन चुकेको देखिएको छ । उनीहरूले चुनावी तालमेल गरेको भए त्यसले उत्पन्न गर्ने सकारात्मक तरंगले पनि उनीहरूको स्थानीय तहमा जितिने संख्या थप गर्नसक्ने पनि हालसम्मको घोषित चुनावी परिणामले नै देखाएको छ ।

असोज २ को यो अन्तिम स्थानीय चुनावले मधेशमा तराई मधेशका मुख्य दलमा अब राजपा र संघीय समाजवादी नै रहेको सन्देश पनि स्थापित गरेकोले उनीहरूले मंसिर १० र २१ का चुनावमा सके एकता नभए तालमेल गर्नुको विकल्प छैन । यी दुई दल मध्ये पनि मूल रूपमा उदाउँदो शक्तिशाली दलका रूपमा संघीय समाजवादी नै रहेको चुनावी नतिजाले देखाएको छ । किनभने उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादीले यसअघि ३१ वैशाख र १४ असारका चुनावमा नौ स्थानीय तहमा जितेको समेत गर्दा ऊ मधेश क्षेत्रमा मधेशीहरू मध्येको पहिलो दल बनेको छ ।

तुलनात्मक रूपमा राजपा ६ वटा मधेशी दलहरू मिलेर बनेको दल हो । मधेश आन्दोलन हाँकेका र सत्ताको अनुभव भएका नेतै नेताको दल पनि हो राजपा । उमेर अनुभवले पनि पुराना र पाका नेताहरूको बाहुल्य छ राजपामा । राजपा अध्यक्ष मण्डलका नेताहरू महन्थ ठाकुर, राजेन्द्र महतो, शरतसिंह भण्डारी, महेन्द्र यादवहरूको व्यक्तित्व र ओजका कारण पनि राजपा तराई मधेश क्षेत्रको 'हेभीवेट' दलका रूपमा मानिँदै आएको हो ।

तर असोज २ को चुनावी परिणाममा 'हेभीवेट' नेताहरूको बाहुल्य रहेको राजपाभन्दा नवोदित र अरू पार्टीबाट आएका नेताहरूको बाहुल्य रहेको संघीय समाजवादी नै शक्तिशाली र थप ऊर्जावान दल रहेको मतादेशले देखाएको छ । पूर्व एमाले उपाध्यक्ष अशोक राई र नेता राजेन्द्र श्रेष्ठहरूलाई अपवाद मान्ने हो भने उपेन्द्र यादवको पौरखमा जन्मे हुर्केको संघीय समाजवादी अन्तत: नयाँ मधेश मसिहा दल बनेको पनि यही चुनावी परिणामले देखाएको छ ।

राजपाले आन्दोलन अवधिको साझेदार र सहयात्री संघीय समाजवादीसँग चुनावी तालमेल गर्न नसक्दा होस् वा पार्टी भित्रैका असन्तुष्टहरूलाई चित्त बुझाउन नसक्दाका दुष्परिणामका रूपमा मतादेशमा पहिलो हुने चाहना अतृप्त राजनीतिक तृष्णामा नै सीमित भएको हो । तर मत दुवै दलले अत्यधिक पाएका छन् । संघीय र संसदीय चनावमा यी दुई दल चुनावी तालमेलमा उत्रिए र भने पक्का छ कांग्रेसलाई मधेश अरू महंगो चुनावी इलाका बन्नेछ भने एमाले वा माओवादी यी मधेशी दलको चेपुवामा पर्ने स्पष्टै देखिन्छ ।

मधेशमा एकल वर्चस्व कायम गर्दै आएको कांग्रेसका स्थानमा अब राजपा र संघीय समाजवादीले धाबा बोलेको कुरा पनि यही चुनावी नतिजाले देखाएको छ । राजपा र संघीय समाजवादी बढ्नु भनेको कांग्रेसको प्रभाव घट्नु पनि हो । यसअर्थमा यो चुनावी

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय



# मधेशमा योग्य उम्मेदवार चयन गर

पर्वको उल्लाससँगै राजनीतिक सरगर्मीले राष्ट्रिय राजनीति तातेको छ । दलहरू आसन्न प्रदेश तथा प्रतिनिधि सभाको चुनावी तयारीमा व्यस्त छन् । चुनावी नजिता आफूतिर पार्न तालमेल, मोर्चाबन्दीलगायतका रणनीति बनाउन जुटेका छन् । सँगै पहिलो चरणको निर्वाचनका लागि उम्मेदवारको मनोनयन दर्ता छनोट र घोषणाका क्रम पनि सुरू भइसकेका छन् ।

उम्मेदवार छनोटको अभ्यास हुँदै गर्दा नेता तथा कार्यकर्ताको दौडधूप त्यही मात्रामा बढेको छ । आकांक्षी धेरै हुँदा तिनको व्यवस्थापनसँगै योग्य उम्मेदवार चयन दलहरूका लागि चुनौतीपूर्ण देखिएको छ । सबैजसो ठूला दलमा गुट र नेताको फेरो समातेर उम्मेदवार बन्ने प्रवृत्ति छ र त्यसको होड नै चलेको छ र यस्तो प्रवृत्ति मधेशी दलहरूमा पनि देखिएको छ । शीर्षनेताका घरमा बिहानैदेखि लाग्ने भीडभाडले त्यो प्रवृत्ति बढिरहेको प्रस्ट हुन्छ । यो पृष्ठभूमिमा उम्मेदवार तोक्ने अधिकार प्राप्त राजनीतिक नेतृत्वसामु ठूलो जिम्मेवारी छ । त्यसमा संवेदनशील हुनु जरूरी छ । मधेशका शीर्ष नेतृत्वले चाहँदा सिफारिसमै नपरेका आकांक्षी पनि उम्मेदवार छनोट भएका दृष्टान्त भेटिन्छन् । हालै तीन चरणमा सकिएको स्थानीय तह निर्वाचनमा पनि कतिपय उम्मेदवारको छनोट योग्यताका आधारमा नभई गुट र नेतासँगको सम्बन्धका आधारमा भएको भनेर असन्तुष्टि र आलोचना भएका थिए । खास गरी समानुपाति निर्वाचनका लागि आफू निकटलाई उम्मेदवार बनाउने मधेशी नेताहरूको विगतको यी विसंगति र कमजोरी सुधार्दै नेतृत्वले अहिले उम्मेदवार तोक्ने उचित मापदण्ड बनाएर सही अभ्यास गर्न सक्नुपर्छ ।

> भाषण र दस्ताबेजहरूमा मात्रै होइन, उम्मेदवार छनोट गर्दा नेतृत्वले व्यवहारमै हाम्रा होइन राम्रालाई अवसर दिनुपर्छ । आम मतदाताले पनि सही उम्मेदवार चुन्ने अवसरलाई उपयोग गर्न सक्नुपर्छ ।

मधेशी नेतृत्वले हरेक कार्यकर्तालाई सन्तुष्ट पार्न सक्दैन । तर उम्मेदवार तोक्दा दलहरूले केही आधारभूत विषय हेर्नु उचित हुन्छ । विवादास्पद छवि नभएका, जनस्तरमा लोकप्रिय र विषयवस्तुमा उत्तिकै ज्ञान भएका पात्र उम्मेदवार तोकिए भोलि नेतृत्वमा पुग्दा जिम्मेवारी बहन गर्न सक्छ । त्यसकारण राजनीतिक सक्रियतासँगै उम्मेदवारको क्षमतालाई पनि मुख्य मापदण्ड बनाइनु आवश्यक छ ।

नेपालमा उम्मेदवार छनोट निश्चित मापदण्डका आधारमा खासै हुँदैन । धेरैजसो उम्मेदवारको योग्यता चुनावमा पैसा खर्च गर्न सक्ने, नेतानिकट वा गुटको सदस्य आदिमा सीमित हुँदै गएको छ । दलहरूले उचित मापदण्डसहित योग्यलाई प्राथमिकता दिँदै उम्मेदवार छनोट गर्ने प्रवृत्तिको विकास गर्न नसक्दाको सीधा असर समग्र राजनीतिक प्रणालीमै पर्छ ।

त्यसकारण भाषण र दस्ताबेजहरूमा मात्रै होइन, उम्मेदवार छनोट गर्दा नेतृत्वले व्यवहारमै हाम्रा होइन राम्रालाई अवसर दिनुपर्छ । आम मतदाताले पनि सही उम्मेदवार चुन्ने अवसरलाई उपयोग गर्न सक्नुपर्छ । आफ्नो निर्णय पश्चात्ताप लाग्ने खालको बन्न नदिन मतदाताले पनि योग्य उम्मेदवार छनोट गर्न सक्नुपर्छ ।

## साताको सात बात



स्थानीय निकायको निर्वाचनमा जनताको उत्साहजनक सहभागिता रह्यो, निर्वाचित स्थानीय जनप्रतिनिधिले आफ्नो सेवा, सुविधा जनताको घर आँगनमै प्रदान गर्न शुरू गरिसकेका छन्, यसबाट स्थानीय प्रजातन्त्र सुदृढ र बलियो हुँदै जान थालेको छ । **शेरबहादुर देउवा, प्रधानमन्त्री**



पार्टी एकता गरेर अघि बढ्नेभन्दा पनि एमाले र माओवादी केन्द्रबीच सत्तामा को हाबी हुने भन्नेमै तानातान छ । वाम गठबन्धनभित्र एमाले र माओवादीबीच लुछाचुँडी छ । यहि निषेधकै कारणले वाम गठबन्धन धेरै समय टिक्दैन । **डा. बाबुराम भट्टराई, संयोजक, नयाँ शक्ति नेपाल**



नेपाल लोकतान्त्रिक फोरममा रहँदा मधेशवादी तथा थारूको पक्षमा रहेर क्षेत्रिय पार्टी मात्रै भएको कारणले त्यसलाई राष्ट्रिय पार्टीमा मिलाएर लैजानको लागि म कांग्रेसमा आएको हुँ । संघ र प्रदेशको निर्वाचनमा नेपाली कांग्रेस पहिलो पार्टी बन्छ । **विजय कुमार गच्छदार, उपप्रधान तथा स्थानीय विकासमन्त्री**



देशले नेतृत्व नपाएको जतो महसुस भईरहेको छ । अब जिम्मेवारी लिने दिन आएको जस्तो छ तर त्यसको लागि सबै जनताको इच्छा हुनुपर्छ । देशको परिस्थितीले मलाई मागेको समय आएको जस्तो छ । **ज्ञानेन्द्र शाह, पूर्वराजा**



हिजो नेपालमा पुजीँवादी जनवादी क्रान्ति सम्पन्न हुँदासम्म कांग्रेससँग पनि हामीले सहयात्रा र सहकार्य गऱ्यौं । अब अगाडि समाजवादसम्म जाँदाखेरि विचार मिल्नेहरू एक ठाउँमा बस्नैपर्छ । त्यसैले यो पुँजीवादबाट समाजवादतिर जाने क्रान्तिको एउटा यात्रा पनि हो । त्यसैको गोरेटो बनाउने आधार र प्रतिवद्धतामा एमालेसँग एकता हुन लागेको हो । **वर्षमान पुन, नेता, माओवादी केन्द्र**



नेपालको चुनावलाई लिएर भारत सरकारको पनि औपचारिक रूपमा समर्थन, सद्भाव र सहयोग रहन्छ त्यसैले भारतप्रति नेपालले कहिल्यै शंका गर्नुहुँदैन । अहिले नेपाल-भारत सम्बन्ध सुमधुर छ, प्रगाढ छ, मैले के कति काम गरें भन्ने कुरा जनताले राम्रोसँग बुझ्नुभएको छ । **दीपकुमार उपाध्याय, निवर्तमान भारतका लागि नेपाली राजदूत**



एमाले र माओवादी केन्द्र बिचमा अहिलेका लागि त चुनावी तालमेल नै हो । तर चुनाव सकिएपछि हामीभित्र रहेका वैचारिक प्रश्नहरूमाथि गम्भीर छलफल चलाउँछौं । हामी विचारमा एकरूपता कायम गर्ने प्रयत्न गर्छौं । त्यसपछि संगठनात्मक एकता र नेताहरूको व्यवस्थापनको कुरा आउँछ । एकताको लागि पर्याप्त समय चाहिने भएकाले अहिले एकताको लक्ष्यलाई केन्द्रविन्दुमा राखेर चुनावी तालमेल गरेका हौं । **प्रदिप ज्ञवाली, नेता, नेकपा एमाले**

*प्रस्तुती : संगीता रेग्मी*

# नेपाली राजनीतिका नयाँ संस्करण

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३८५



❖ उपेन्द्र झा

मंसिरमा गराइने प्रदेश सभा र प्रतिनिधि सभाको पूर्व निर्धारित समय अनुसार सरकारले चुनाव प्रक्रियालाई अगाडि बढाएको छ । शनिबार ४ गते पूर्वराजा ज्ञानेन्द्र शाहको अभिव्यक्ति सार्वजनिक भएपछि राजनीतिमा नयाँ खाले तरंग आएको छ । योभन्दा केही दिन पहिले माओवादी केन्द्र र एमालेको एकीकरणको चर्चाले नेपाली राजनीति तरंगितभ एकै थियो । लगत्तै पूर्वराजा ज्ञानेन्द्रको अभिव्यक्ति आउँदा राजनीतिक विश्लेषकहरूको चिन्तनमा पनि तरंग आएको देखिन्छ । के ज्ञानेन्द्रको अभिव्यक्ति वर्तमान तरल राजनीतिमा विकसित भइरहेको कम्युनिष्ट राजनीतिको एकाधिकारको प्रतिक्रियात्मक प्रतिफल हो वा पूर्वराजा ज्ञानेन्द्रको काल्पनिक सत्तारोहणको कथा ?

शक्तिकेन्द्रको पारस्परिक प्रतिस्पर्धाबाट निर्देशित नेपालको राजनीतिले मौलिकता गुमाएर देशभित्र अन्त्यहीन समस्या थुपारेर राखेको छ । प्रत्येक १० वर्षमा राजनीतिक वृत्तमा द्वन्द्वका झंझावात् ल्याउने नेपालका कथित राजनीतिज्ञहरूका लागि चाडपर्व हो । यसै चाडपर्वका लागि उनीहरू राजनीति गरेका हुन्छन् । यसै द्वन्द्वको सहाराले वर्गीय राज्यसत्तालाई टिकाउन, धन कमाउने, राजनीतिक क्षीतिजमा आफ्नो श्रेष्ठता प्राप्त गर्न आदि कामहरू गर्ने गर्दछन् । शक्तिकेन्द्रहरूको पारस्परिक द्वन्द्वात्मक प्रतिस्पर्धा गराउन खप्पिस नेपाली राजनीतिज्ञहरूको एजेन्डाविहीन राजनीति देशलाई गतिहीन बनाएर यथास्थितिमा राखेको दशकौं भयो । आफ्नो आफ्नो घोषणापत्रमा जनतालाई आकर्षित पार्ने उद्देश्यहरू बोके पनि देशले फड्को मारेको छैन । देशका जनताको जीवनशैली जस्ताको त्यस्तै छ । समस्या यथावत् छ । अन्तर्राष्ट्रिय सहयोगबाट चलेका कतिपय परियोजनालाई देखाएर आफ्नो प्रगतिशीलताको पहिचानको प्रदर्शन गर्ने राजनीतिक दलहरू जतिसुकै राष्ट्रवादको कुरा गरे पनि राष्ट्रियता बेचेर धन कमाउन किंचित हिच्किचाउँदैनन् । जनविश्वास गुमाइसकेका शक्तिकेन्द्रका प्यादाहरू देशलाई कतिको माया गर्छन्, एक दशकको क्रियाकलापले प्रष्ट देखाएको छ ।

भारतीय राजनीतिको शिखरमा हिन्दूत्वको वकालत गर्ने भाजपाको सरकार आएदेखि धनको लोभमा नेपाललाई धर्मनिरपेक्ष बनाउँदा असन्तुष्ट बनेका हिन्दूहरू आशावादी बनेका थिए तर हिन्दूत्व स्थापनार्थ भारतको कुनै प्रभाव नदेखिएपछि असन्तुष्टता आक्रोशमा परिणत भएको छ । त्यस्तै, एक दशकदेखि आफ्नो अधिकारको लडाई लडिरहेको मधेश भारतीय उपाधि पाएपनि पुनश्च: सीमान्तिकृत बनाउँदा भारत प्रभावको न्यूनतामा पौराणिक औपनिवेशिक उत्पीडन भोग्न बाध्य भएकोले मधेश पनि आक्रोशित बनेको छ । शान्तिपूर्ण ढंगले सत्ता हस्तान्तरण गरेका पूर्वराजा ज्ञानेन्द्रले पनि राजनीतिमा आफ्नो भूमिका नपाउँदा एक दशकको अन्तरालमा असन्तुष्टि पोखिरहेका छन् । जन अधिकारको सवालमा तीनवटै शीर्ष दलहरू पारस्परिक मतभिन्नता बिर्सेर एकाकार भई विरोधमा उत्रेर पालैपालो सरकार बनाउने एकाधिकार प्राप्त गरेका छन् । राजनीतिक वृत्तमा तीनवटा दलको मात्र वर्चस्व रहेको कटु यथार्थबाट सबै परिचित छन् । वर्गीय राज्यसत्ताको उन्मादको आगोमा जहिले पनि जनआवाज भस्मीभूत हुँदै आएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रको जामा पहिराए पनि राज्यसत्ता एकल जातीय प्रभावबाट मुक्त हुन सकेको छैन । संघीय लोकतान्त्रिक गणतन्त्र तीन दलीय राजनीतिक एकाधिकारभित्र कैद गरिएको छ, जसले जनआवाजलाई सम्बोधन गर्न सकिरहेको छैन ।

कम्युनिष्टहरूको ध्रुवीकरणले नेपाली राजनीतिलाई तरंगित पारेर धेरै शंका-उपशंका जन्माएको छ । नेपाली राजनीतिमा एकल वर्चस्व जमाउने उद्देश्यले भएको ध्रुवीकरणले नेपालका प्रजातान्त्रिक शक्तिलाई कमजोर बनाएको कारणले नेपाली कांग्रेस असहायको अवस्थामा पुगेको छ । उनले पनि लोकतान्त्रिक गठबन्धन बनाउन उद्धत देखिन्छन् । कम्युनिष्ट र लोकतान्त्रिक दुई ध्रुवमा विभक्त नेपाली राजनीतिलाई छिमेकी दुई महाशक्ति देशको प्रतिस्पर्धाका कारण विकसित भएको ठान्दछन् । नेपाल "प्लेग्राउण्ड" मात्र हो, विश्लेषकहरूको आँकलन छ । कम्युनिष्टहरूलाई एकीकृत हुन चिनियाँ प्रभावले काम गरेको छ भने लोकतान्त्रिक गठबन्धन बनाउन भारतले निर्देशन दिएको छ, भनिन्छ । दुवै महाशक्ति देशको प्रभावको टक्करमा नेपालको राजनीति आहत भई लहुलुहान भएको छ । नेपालबाट शताब्दियौंदेखि रहेको भारतीय प्रभावलाई हटाउन चीनको प्रयास तीव्रगतिमा बढ्दै गएपछि भारतीय प्रभावमा रहेका शक्तिहरू खुम्चिँदै गएको आत्मसमर्पणको पराकाष्ठामा पुगेको छ, भन्दा अतिश्योक्ति नहोला ।

चीन र भारत दुवै देशको प्रभाव नेपालमा जुधेकोले नेपाली राजनीति अनावश्यक रूपमा तरंगित भएको छ । दुई खेमामा बाँडिएपछि नेपाली कांग्रेसको सरकारले चुनावलाई सार्न सक्ने संकेतलाई उजागर गर्न नेपाली मिडियाले बहस नै थालेको छ । नेपाली कांग्रेस भने पाएको जिम्मेवारी अनुसार चुनाव गराउने कटिबद्ध रहेको सफाई दिइरहेको छ । नित नयाँ कुराहरू विकसित भइरहेको सन्दर्भमा यहाँ विभिन्न खाले विचारकहरू अलग अलगतर्फ दिएर भविष्यवाणी गरीरहेका छन् । यही क्रममा पूर्वराजा ज्ञानेन्द्रले नेपालको नेतृत्वविहीन राजनीतिलाई नेतृत्व दिन खोजिरहेको छ । तीव्र गतिमा नयाँ कुराहरू विकसित भइरहेको सन्दर्भमा विश्लेषकहरूको अडकलबाजी पनि अतिशय रूपमा आइरहेको छ । कसैले राजाले राजनीतिक हस्तक्षेप गर्न लागेको अड्कल गरेको छ भने शीर्ष तीन दल कुनै हालतमा ज्ञानेन्द्रलाई राजनीतिमा सक्रिय हुन दिँदैन भन्छन् । तर, सत्य त के हो भने न राजा चाहेर आउन सक्छन्, न शीर्ष तीन दल चाहे रोक्न सक्छन् ।

पूर्वराजा ज्ञानेन्द्रले दिएको सत्ता लिने स्पष्टोक्ति शक्तिकेन्द्रको आशिर्वादमा हो भने उनलाई कसैले रोक्न सक्दैन । भारतको आशिर्वाद पाएर कहिल्यै केही नबोल्ने पूर्वराजा ज्ञानेन्द्रले स्पष्टरूपमा बोलेको विश्लेषण गर्नु स्वाभाविक पनि लाग्दछ । कम्युनिष्ट प्रभावलाई रोक्न लोकतान्त्रिक गठबन्धन पर्याप्त नदेखिएकोले राजालाई समेत सामेल गरी राजनीतिक हस्तक्षेप गराउने भारतको रणनीति रहेको एकथरिको विश्लेषण हो । यसको विपरीत अर्को विश्लेषण के छ भने संघीय संरचनालाई समाप्त पार्न कम्युनिष्ट दलहरूले राजालाई उचालेर "कू" गराउन खोजेको चिनियाँ प्रभावको प्रतिफल हो ।

हठात् सेनाले "कू" गर्नबाहेक चुनाव शान्तिपूर्ण तरिकाले सम्पन्न भयो भने नेपाली राजनीतिमा राजाको प्रवेश किमार्थ हुन सक्दैन । चुनावको मिति सारियो भने यस्ता दुर्घटनाहरूको प्रवल सम्भावना छ । यी घटनाहरू घट्यो भने मात्र भारतको प्रभावलाई स्वीकार गर्न सकिन्छ, होइन भने नेपालको राजनीतिमा भारतको दखल भन्नेहरू दिग्भ्रमित छन् मेरो ठम्याइँ छ । यस्ता घटनाहरू नेपाली राजनीतिमा देखा पर्नु कुनै अनौठो होइन । शीर्ष दलहरूको अहंकारबाट सिर्जित परिस्थितिले ल्याएको घटना बुझ्न सकिन्छ ।

नेपाल-भारतको मित्रतापूर्ण सम्बन्ध मात्र नभई परापूर्वकालदेखि धार्मिक, सांस्कृतिक, नश्लीय समानता, रीतिथिति, भेषभूषाका साथ रोटीबेटीको सम्बन्ध रहेकोले यहाा भारतको प्रभाव देखिनु स्वाभाविक हो । नेपाल-भारतको प्राकृतिक सम्बन्धलाई हस्तक्षेपको अर्थमा लिनु असान्दर्भिक नै होला । चीनको सम्बन्ध केही वर्षदेखि नेपाली राजनीतिमा प्रगाढ बन्न लागेको हो । चीनसँगको सम्बन्धको प्रगाढता भारतसँगको सम्बन्ध तोड्ने अर्थमा बढाउनु राजनीतिक असन्तुलन हो । संक्रमणीयकालको पीडा भोगिरहेको देशमा अझ द्वन्द्व बढाएर राजनीति खेल खेलाउनु, खेल्नु देशको हितमा छैन । तर, परिस्थिति त्यतैतिर बढिरहेको छ । राजनीतिक विषमता बढिरहेकोले अनावश्यक अनपेक्षित घटनाहरू घट्ने सम्भावनालाई नकार्न सकिँदैन । द्वन्द्व निम्त्याएर राजनीतिक लाभ लिने शीर्ष दलहरूो पुरानो चलन रहेकोले मधेशको द्वन्द्व राजनीतिक मञ्चबाट विस्थापित गराइएकोले नयाँ खाले द्वन्द्व ल्याइने खेलको मञ्चन आगामी दिनमा देख्न सकिन्छ ।

> नितान्त व्यक्तिगत स्वार्थमा रमाएका तीन दल अस्तित्वको सवालमा एक हुने, पैसा कमाउने सवालमा कम्युनिष्ट, कांग्रेस बन्ने कम्युनिष्टको खतरा देखाउने आदि कुराहरू अब जनताले प्रष्ट बुझ्न थालेको छ । शक्तिकेन्द्रहरूको प्यादा बनेर हिंड्ने राजनीतिक दलहरूको गुष्ताम प्रवृत्तिबाहेक मौलिकता कतै छैन ।

नितान्त व्यक्तिगत स्वार्थमा रमाएका तीन दल अस्तित्वको सवालमा एक हुने, पैसा कमाउने सवालमा कम्युनिष्ट, कांग्रेस बन्ने कम्युनिष्टको खतरा देखाउने आदि कुराहरू अब जनताले प्रष्ट बुझ्न थालेको छ । शक्तिकेन्द्रहरूको प्यादा बनेर हिंड्ने राजनीतिक दलहरूको गुष्ताम प्रवृत्तिबाहेक मौलिकता कतै छैन । तीन रूपमा विकसित भइरहेको राजनीतिक विषमताले राजनीतिलाई कतातिर मोडिने हो, थाहा छैन । आफैले घोषणा गरेको संघीय संरचनाको संविधान आफै समाप्त पार्ने खेलमा भाग लिएका शीर्ष दलहरूको राजनीतिलाई नियन्त्रण गर्ने क्षमता पनि छैन । अर्कोको भरमा राजनीति गर्ने, पद र पैसा कमाउने, स्वार्थ पूरा भएन भने अर्को शक्तिकेनद्रको गुलामी गर्ने हैसियतका राजनेताहरू विषमतालाई सभ्य गरी देशलाइ स्थिर राख्न सक्दैन । परावलम्बी प्रवृत्तिले देशको अस्मितालाई पनि बचाउन सक्दैन ।

नेपाल गरीब मुलुक हो । संसारको सर्वोच्च चुचुरा सगरमाथाको आकर्षणले शक्तिकेन्द्रहरू पर्यटकको रूपमा आएर चीन र भारतलाई नजिकबाट हेर्न बसेका छन् । खासगरी चीनलाई नजिकबाट हेर्न अमेरिका, युरोपियन युनियनको उपस्थिति भएको हो । चीनको आर्थिक समृद्धिको बढ्दो आकार चिनियाँ भूभागमा अटाउन नसकेर यो आफ्नो उत्पादनको क्षेत्र खोज्न संसारभरि भौतारिरहेको छ । सफलतम् रूपमा आफ्नो आकार बढाइरहँदा नेपालमा पनि चीनको विस्तार देखिएको हो । एक तीरबाट दुई शिकार गर्ने चीनको रणनीति बडो खतरनाक ढंगले नेपाललाई भारतको विरोधमा उचालिरहेको छ । ठूलठूला विकास परियोजना ल्याएर नेपाली जनताको सहानुभूति बटुल्न नेपालको राजनीतिमा आफ्नो हस्तक्षेपकारी भूमिका पाएको चीन लोकप्रिय हुँदै गएको भारतले अनुभव गरेकै हुनु पर्दछ । हिमाल, पहाड र तराईको सुविधा अनुसार विकासका महत्वाकांक्षी योजना ल्याएपछि अवसरविहीन नेपाली जनताले चीनको बहिष्कार गर्न मिल्दैन ।

के भनेर, के गरेर नेपालमा आफ्नो सक्रिय उपस्थिति हुने भन्ने मनोकांक्षाका साथ चीन नेपालमा आफ्नो स्थायी प्रभाव स्थापित गर्न चाहन्छ । नेपाल र चीनबीचको विकास परियोजनाको सन्धि सम्झौता अनुसार समयभित्र पूरा गरी दिने विश्वसनीयताकै आधारमा उनी अरू योजनाहरू पाउँछन्, केरूङ-काठमाडौं-लुम्बिनी रेलमार्ग बनाउने चीनको सम्झौताले निकट भविष्यमा मूर्तरूप लिने नै छ । चीनको प्रभावले भारतलाई प्रतिरक्षात्मक पंक्तिमा उभ्याई दिएको कटु यथार्थलाई भारतले स्वीकार गर्नैपर्दछ । भारतीय प्रभावमा रहेका नेपाली जनता दशकौंदेखि अपेक्षा पूरा हुने प्रतिक्षारत रहँदा पनि निराशा मात्र पाएका छन् । केही भक्तहरूलाई आफ्नो प्रभाव विस्तार गर्न वैतनिक कर्मचारी राखे पनि धरातलका जनतामा आस्था डगमगाउन थालेको छ । चाहेर पनि भारतको प्रभाव त्याग्न नसकेका जनताको आवाजबारे भारतको मौनताले सो जनतालाई किंकर्तव्यविमुढ बनाएको छ । भारतले नेपालबारेको रूढिवादी दृष्टिकोणमा परिवर्तन ल्याएन भने नेपालमा भारतको विश्वसनीय जनआधार गुम्ने छ । त्यसपछि नेपाल भारतको प्राकृतिक सम्बन्ध कूटनीतिक सम्बन्धमा सीमित हुनेछ ।

हुन त परिवर्तनलाई कसैले रोक्न सक्दैन । यहाँ त दुई छिमेकी महाशक्ति देशको चिन्तनले परिवर्तन हुँदै आएको इतिहास छ । स्वाभाविक रूपको परिवर्तन कस्तो हुन्छ नेपाली जनताले हेर्न पाएको छैन । कसको प्रभावले कस्तो परिवर्तन हुने भन्ने तमाशे जिज्ञासा यतिखेर नेपाली जनतामा स्पष्ट देखिन्छ ।

*क्रमश:*

janukjha24@gmail.com

# काठमाडौं-तराई/मधेश द्रुतमार्ग निर्माण कार्यदलको भौतिक पूर्वाधारहरूको उद्घाटन

काठमाडौं । काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको निर्माण कार्यदलको नवनिर्मित भौतिक पूर्वाधारहरूको अधिकार सम्पन्न निर्देशक समितिका अध्यक्ष एवं बलाध्यक्ष रथी पूर्णचन्द्र थापाले काठमाडौं जिल्लाको दक्षिणकाली नगरपालिकास्थित मख्खुवेशींमा उद्घाटन गरेका छन् ।

करिब ११० जना क्षमताको उक्त क्याम्पमा द्रुतमार्ग निर्माणका लागि आवश्यक जनशक्तिको वासस्थानका साथै अन्य भौतिक सामग्रीहरू समेत भण्डारण गर्ने स्थानहरू निर्माण गरिएको छ । द्रुतमार्ग निर्माणका लागि पहिलो चरणमा निर्माण सुरू गरिएको उक्त भौतिक पूर्वाधारहरूको उद्घाटन गर्ने क्रममा बलाध्यक्ष रथी थापाले नेपाल सरकारले निर्धारण गरेको समयसीमा भित्र



नै आयोजना सम्पन्न गर्न नेपाली सेना पूर्णरूपमा कटिबद्ध रहेको र उक्त कार्यका लागि स्थानीय बासिन्दा तथा अन्य सरोकारवाला निकायहरूको समेत पूर्ण साथ र सहयोगको अपेक्षा गरिएको बताए । यसैगरि, उनले छोटो समयमा नै निर्माण सम्पन्न गरिएको वेशले द्रुतमार्ग समयमै सम्पन्न गर्न महत्वपूर्ण र प्रतिकात्मक भूमिका खेल्ने बताए ।

वेशमा निर्माण गरिएको भौतिक पूर्वाधारहरूको उद्घाटन कार्यक्रममा आयोजना प्रमुख तथा इन्जिनियरिङ विभागका प्रमुख उपरथी योगेन्द्र बहादुर खांडले आयोजनाको प्राविधिक पक्ष र निर्माण योजनाका वारेमा प्रकाश पारेका थिए । यस्तै, रक्षा मन्त्रालयका सहसचिव आनन्दराज रेग्मीले उक्त आयोजनालाई नेपाल सरकारले उच्च प्राथमिकता दिएकाले बजेट तथा अन्य कुनै पनि पक्षमा कमी हुन नदिने विश्वास व्यक्त गरे । उक्त कार्यक्रममा नेपाली सेनाका रथीवृन्द, काठमाडौं र ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी, दक्षिणकाली नगरपालिकाका प्रमुख, नेपाली सेनाका अधिकृत, सञ्चारकर्मी लगायत स्थानीय बासिन्दाहरूको समेत उपस्थिति रहेको थियो ।

# माओवादीले मधेशलाई धोका दियो



मृगेन्द्रकुमार सिंह यादव
वरिष्ठ नेता, राष्ट्रिय जनता पार्टी, नेपाल

**कम्युनिष्टहरू झुट बढी बोल्छन् प्रचण्डजीले मधेशसँग मेरो लभ परेको छ भन्दै हिड्नुहुन्थ्यो कहाँ गयो अहिले त्यो लभ । त्यो उहाँले तत्कालिन फाईदाको लागि बोल्नुभएको थियो ? अहिले मधेशको सबभन्दा प्रमुख शत्रु एमालेसँग गठबन्धन गरेर आफ्नो फाईदा लागि हिडेंका छन् ।**

**○ राजपा र फोरम मिलेर चुनाव लड्ने कुरा भईरहेको छ भने अर्कोतिर फोरमले आसन्न पहिलो निर्वाचनमा कांग्रेससँग गठबन्धन गरेको छ यसलाई कसरी लिनुहुन्छ ?**

- लोकतान्त्रिक शक्तिहरू बीचमा गठबन्धन निर्माण गर्ने कुरा भईरहेको छ त्यसै अनुरूप हामी अगाडि बढेका छौं । सिट बाँडफाँड लगायत अन्य विषयहरूमा सहमतिमा पुगियो भने गठबन्धनको लागि कुनै समस्या हुँदैन ।

**○ राजपा र फोरम मात्र मिलेर जाँदा ठिक होला कि ? कांग्रेसलाई पनि साथ लिएर जानुहुन्छ ?**

- लोकतान्त्रिक शक्तिहरू सबै एक ठाउँमा उम्भिनुपर्ने हो त्यसैले कांग्रेसलाई पनि समेटेर जाँदा ठिक हुन्छ । वामपन्थीहरूको नियत ठिक छैन । संघीयता, संसदीय व्यवस्थामाथि खतरा हुनसक्छ त्यसैले लोकतान्त्रिक शक्तिहरू एक ठाउँमा आउनुको विकल्प छैन ।

**मधेशको एजेण्डामा असर पर्नेगरी हामी कुनै पार्टीसँग एकीकरण गर्दैनौं । जुनसुकै पार्टीसँग एकीकरण भएपनि हामी मधेशको मुद्दामा अडिग रहन्छौं ।**

**○ निर्वाचनको समयमा विभिन्न पार्टीहरूको बिचमा गठबन्धन बन्नुलाई तपाईले कुन रूपमा लिनुभएको छ ?**

- यो त ठिक हो । यो आवश्यकता र बाध्यता पनि हो ।

**○ यो आवश्यकता र बाध्यताको बिच मधेशको एजेण्डामा कस्तो किसिमको असर पार्न सक्छ ?**

- मधेशको एजेण्डामा असर पर्नेगरी हामी कुनै पार्टीसँग एकीकरण गर्दैनौं । जुनसुकै पार्टीसँग एकीकरण भएपनि हामी मधेशको मुद्दामा अडिग रहन्छौं ।

**○ नेकपा माओवादी केन्द्रले सुरूमा मधेशकै एजेण्डालाई समर्थन जनाउँदै आएको थियो । तर, त्यही नेकपा माओवादी केन्द्र अहिले एमालेसँग गठबन्धन गरेर अगाडि बढिरहेको छ , एमाले संविधान संशोधनको विपक्षमा रहेको छ यस्तो किसिमको मिलनलाई कुन रूपमा लिनुहुन्छ यसले गर्दा मधेशको एजेन्डा वा संविधान संशोधनमा कस्तो किसिमको प्रभाव पार्छ ?**

- कम्युनिष्टहरू आफ्नो फाईदाको लागि आवश्यकता अनुसार जुनसुकै पार्टीसँग गठबन्धन गर्न तयार हुन्छन् । कम्युनिष्टहरू झुट बढी बोल्छन् प्रचण्डजीले मधेशसँग मेरो लभ परेको छ भन्दै हिड्नुहुन्थ्यो कहाँ गयो अहिले त्यो लभ । त्यो उहाँले तत्कालिन फाईदाको लागि बोल्नुभएको थियो ? अहिले मधेशको सबभन्दा प्रमुख शत्रु एमालेसँग गठबन्धन गरेर आफ्नो फाईदा लागि हिडेंका छन् ।

**○ त्यसोभए माओवादीले मधेशको माग सम्बोधन होस् भन्ने नचाहेकै हो त ?**

- चाहेको भए त भईहाल्थ्यो । मधेशको माग सम्बोधन हुन नदिने एमालेसँग गठबन्धन गर्नु भनेको मधेशलाई धोका दिनु हो ।

**○ पहिले एमाले मधेशको मुद्दामा कठोर थियो अब माओवादी पनि त्यही कित्तामा देखिँदैछ अबको दिनमा संविधान संशोधन होला त ?**

- कुन पार्टीले मधेशको माग संविधान संशोधनलाई विफल बनाउन भूमिका खेल्यो त्यो त जनताले बुझ्छन् नि । मधेशी जनताले संविधान संशोधन गरेर मधेशको माग सम्बोधन गर्नुपर्छ भन्ने लोकतान्त्रिक पक्षलाई भोट दिन्छ कि मधेशलाई अधिकार दिनु हुँदैन भन्ने पक्षलाई भोट दिन्छ त्यो हेर्ने समय आउँदैछ ।

**○ अबको दिनमा एमालेलाई नेकपा माओवादीले आफ्नो कित्तामा उभ्याउनसक्छ वा माओवादी केन्द्र एमालेको कित्तामा जाने सम्भावना बढी छ ?**

- माओवादी केन्द्र एमालेको कित्तामा गईसक्यो । सूर्य चुनाव चिन्ह लिएर लड्दैछ । अब संविधान संशोधनको पक्षमा माओवादी रहँदैन । लोकतान्त्रिक गठबन्धन संविधान संशोधनको पक्षमा रहन्छ । मधेशी जनताले संविधान संशोधनको पक्षमा रहेको गठबन्धनलाई भोट हाल्छ र हामी जितेर आउँछौं त्यसपछि संविधान संशोधन हुन्छ ।

**○ तपाईहरूले भन्दै आउनुभएको थियो कांग्रेस, एमाले र माओवादी सबै एउटै हुन् यिनीहरू कोहीले संविधान संशोधन गर्न चाहँदैनन् भनेर तर अहिले कांग्रेसलाई कसरी फरक पाउनुभयो र गठबन्धन बनाउन अग्रसर हुनुभयो ?**

- कांग्रेसले संविधान संशोधनको प्रस्ताव दर्ता त गराएको थियो नि यो पनि विश्वास गर्ने एउटा आधार हो । कांग्रेसमाथि अहिलेसम्म विश्वास गर्ने आधार रहेको छ कुनै दिन कांग्रेसले पनि मधेशलाई धोका दियो भने विरोध गर्ने नै छौं ।

**○ नेपाल र भारत बिचको सम्बन्धलाई कसरी हेर्नुहुन्छ ?**

- नेपाल र भारतको सम्बन्ध आजदेखिको होईन हामीबिच रोटीबेटीको सम्बन्ध छ । सबै देशहरूबीच राम्रो सम्बन्ध राख्नुपर्छ तर भारतसँग हाम्रो विशेष सम्बन्ध छ अझ मधेशसँग त छुट्टै खालको सम्बन्ध छ । नेपाल र भारतको सम्बन्ध भनेको जनता-जनता बीचको सम्बन्ध हो यसलाई कसैले नराम्रो बनाउन सक्दैन ।

# माओवादीले जनतासँग घात गर्‍यो

**माओवादीले संविधान संशोधनको पक्षमा मतदान गरेर विगतका कमीकमजोरीलाई सच्याउने प्रयास त गरेको थियो तर निर्वाचनको समयमा पहिचान विरोधी र संविधान संशोधन विरोधी नेकपा एमालेसँग मोर्चाबन्दी गरेर फेरि उत्पीडित नेपाली जनतामाथि घात गरेको छ ।**



हेमराज राई
उपाध्यक्ष, संघीय समाजवादी फोरम, नेपाल

**○ आसन्न निर्वाचनमा कुनै पार्टीसँग तालमेल गरेर जाँदै हुनुहुन्छ कि एक्लै ?**

- पछिल्लो राजनीतिक घटनाक्रमले नेपाली कांग्रेसको प्रस्तावित लोकतान्त्रिक गठबन्धन भन्ने जुन प्रस्ताव छ, त्यो प्रस्तावमा नेपाली कांग्रेस लगायत अन्य घटकहरूसँग गठबन्धन भन्दा पनि चुनावी तालमेल गरेर जानुपर्छ भन्ने हामिले नीति लिएका छौं । यस सन्दर्भमा पहाडी र हिमाली जिल्लाहरूमा पहिलो चरणमा कुराकानी भएका छन् । यसमा नेपाली कांग्रेस उदार स्वभावको हुनुपदर्छ भन्ने हाम्रो सोचाइ थियो तथापी एउटा जिल्लामा बाहेक अन्य जिल्लाहरूमा चुनावी तालमेल हुन सकेन । भोजपुर जिल्लामा बाहेक अन्य जिल्लाहरूमा चुनावी तालमेल हुन नसके पनि हामी यसको प्रयासमा छौं । अहिलेको हाम्रो चाहना भनेको विगतमा भएका राजनीतिक घटनाक्रमहरूमा जारी भएको वर्तमान संविधानलाई संशोधन गर्न चाहने सबै राजनीतिक दलहरूसँग मोर्चाबद्ध भएर निर्वाचनमा जाने हाम्रो प्रस्ताव थियो तथापी त्यो प्रस्तावलाई ढिलो भएको हुनाले त्यो कार्यान्वयनमा ल्याउन सकेनौं । जसले गर्दा एमाले र माओवादी वाम गठबन्धनमा जान पुगे ।

**○ पहाडी र हिमाली जिल्लाहरूमा नेपाली कांग्रेस बाहेक अन्य दलहरूसँग पनि चुनावी तालमेल गर्न सकिन्छ कि ?**

- नेपाली कांग्रेससँग हामीले स्पष्ट रूपमा भनेका थियौं कि अहिलेको सन्दर्भमा एमालेले वाम गठबन्धन गरेर अगाडी गएको अवस्थामा लोकतान्त्रिक गठबन्धनको नेतृत्व प्रस्ताव गर्ने राजनीतिक दलहरूले चुनावी तालमेल गर्न आवश्य छ । कांग्रेससँग पक्षमा रहेको राजनीतिक दलले पहाड र तराईमा सबैभन्दा ठूलो पार्टी भनेको संघिय समाजवादी फोरम नै हो । त्यसैले संघीय समाजवादी फोरमसँग पहाड, हिमाल र तराईमा चुनावी तालमेल गर्दा नै उसलाई सबैभन्दा बढी फाइदा हुन्छ भन्ने हाम्रो भनाई हो । यद्यपी उसले यसलाई नजरअन्दाज गरिरहेको छ । निर्वाचन उम्मेदवारी फिर्ता लिने समय बाँकी नै छ । यसमा हाम्रो प्रयास जारी नै छ । यसमा उहाँहरूको सकरात्मक कदम चालिनेछ भन्ने हामीले आशा गरेका छौं ।

**○ बाम गठबन्धनसँग तालमेल गर्ने केहि सोच छ कि लोकतान्त्रिक गठबन्धनसँग मात्र गर्ने विचार छ ?**

- हामीले लोकतान्त्रिक गठबन्धनमा रहेका राजनीतिक शक्तिहरूसँग मुलत: नेपाली कांग्रेससँग नै तालमेल गर्ने सोचेका छौं । यसको अर्थ हामी अन्य राजनीतिक दलसँग गठबन्धनमा रहेको दलसँग नभई त्यहाँ भित्र रहेको अलग-अलग घटकहरूसँग तालमेल हुने सम्भावना रहन्छ भने तालमेल गर्नका लागि हामी तयार रहेको छौं ।

**○ त्यसको लागि कुनै दलसँग छलफल भएको छ ?**

- चुनावी तालमेलको लागि छलफल भएको थियो ।

**○ कुन दलसँग भएको थियो ?**

- छलफल भन्दा पनि नेकपा माओवादीले एकपटक अलगै ढंगले प्रस्ताव ल्याएको थियो तर प्रस्ताव आए पनि लामो समयसम्म त्यो सम्बन्धमा छलफल हुन सकेन । त्यस्तै त एमालेले पनि प्रस्ताव नल्याएको होइन तर पछिल्लो समयमा उहाँहरूकै तर्फबाट त्यसलाई विस्तापित गर्ने काम भयो ।

**○ एमालेसँग एक चरण कुरा भएपनि तपाईहरूलाई एमालेसँग तालमेल गर्ने रूची नभएको हो ?**

- राष्ट्रिय जनता पार्टीसँग हाम्रो लक्ष्य मिल्ने हुनाले नै हामीले मधेशमा तालमेल गरेका हौं ।

**○ विगतका निर्वाचनमा फोरम नेपालले पहाडी र हिमाली क्षेत्रमा राम्रो मत ल्याउन सकेन, अब हुने प्रदेशसभा र प्रतिनिधि सभाको निर्वाचनमा धेरै मत ल्याउनका लागि कस्ता रणनीतिहरू बनाइरहनुभएको छ ? बिगतमा के कमजोरी भयो र अहिले त्यसलाई कसरी सच्याउँदै हुनुहन्छ ?**

- हामी चुनावी तालमेल नभएका जिल्लाहरूमा आफ्नै संगठनको बलमा अगाडी बढाउनेछौं । हामी हाम्रा मुद्दाहरूलाई जनताको घरदैलोमा पुर्‍याउनेछौं र हामीलाई विश्वास छ पहाडी र हिमाली जिल्लाहरूमा आदीवासी, जनजाति र खस समुदायको बाहुल्यता रहेको क्षेत्र हो । उनीहरूको अधिकार, पहिचान र राज्यमा प्रतिनिधित्वको विषयलाई लिएर हामी हाम्रा मुद्दालाई सशक्त रूपमा उठाउँनेछौं । त्यो मुद्दालाई अगाडी बढाछौं, त्यो समुदायहरूमा विश्वास जित्दै हामी निर्वाचनको तयारीमा लाग्छौं ।

**○ विगतमा संविधान संशोधनमा समर्थन गर्ने माओवादी अहिले संविधान संशोधनको विरोध गर्ने पार्टी एमालेसँग गठबन्धमा छ अबको दिनमा संविधान संशोधनको विषयमा माओवादी केन्द्रको भूमिका कस्तो होला ?**

- नेकपा माओवादीको भूमिका पहिलो संविधान सभाको निर्वाचनदेखि नै शंकास्पद रहेको थियो । पहिलो संविधानसभामा उहाँहरूकै नेतृत्वमा रहेको सरकारबाट त्यो संविधानसभा भंग गरेर पहिचान सहितको संघीयताको मुद्दालाई ल्याउने खालको काम भयो । दोस्रो संविधानसभामा हामीले नेकपा माओवादीलाई संयुक्त भएर चुनावी तालमेल गरेर जानुपर्छ पहिचान सहितको संघीयताको पक्षपोषण गर्ने मधेशी दलहरू र तत्कालिन संघीय समावादी पार्टी लगायतसँग मिलेर अगाडि बढौं भन्दा माओवादीले दम्भ देखायो जसको परिणती दोस्रो संविधानसभाको निर्वाचनमा माओवादी लगायत पहिचानवादीहरूको हार भयो । त्यसपछि हामीले ३१ दलिय मोर्चा बनाएर संघर्षलाई अघि बढायौं यो सन्दर्भमा पनि उहाँहरूले हामीलाई धोका दिनुभयो र नेपाली कांग्रेस र नेकपा एमालेको मोर्चामा आबद्ध भएर वर्तमान संविधान जारी गर्ने खालको काम भयो । यो वर्तमान संविधान नेपाली जनताको र २०६२/६३ को जनक्रान्तिको मर्म विपरीत अन्तरिम संविधानले दिएको भावना विपरित घोषणा भएको छ । जसले उत्पीडित जात, धर्म, लिंग, क्षेत्रहरूको हक अधिकारलाई स्थापित गर्न सकेन । पहिचानलाई इन्कार गर्ने काम भएको छ । माओवादीले संविधान संशोधनको पक्षमा मतदान गरेर विगतका कमीकमजोरीलाई सच्चायाउने प्रयास त गरेको थियो तर निर्वाचनको समयमा पहिचान विरोधी र संविधान संशोधन विरोधी नेकपा एमालेसँग मोर्चाबन्दी गरेर फेरि उत्पीडित नेपाली जनतामाथि घात गरेका छ माओवादीले ।

*(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)*

# नक्कली कम्युनिष्टहरूले मधेशलाई हित गर्दैनन्



रिजवान अन्सारी
अध्यक्ष,
नेपाल संघीय समाजवादी पार्टी

**वामको आवरणमा नक्कली कम्युनिष्ट पार्टीहरू एक ठाउँमा जम्मा हुँदैमा वाममोर्चा बन्दैन । नक्कली कम्युनिष्टहरूको एउटा जत्था छ । यिनीहरूले मधेशीका साथै नेपाली जनतालाई धोका दिँदै आएका छन् ।**

**○ पछिल्लो समयमा दलहरूबीच ध्रुवीकरण बढिरहेको छ । यसले अहिले निन्तरता पाएको छ । हालै तपाईंको पार्टीमा पनि अन्य ११ वटा दल एकीकृत भएका छन् । यसलाई कुन रूपमा लिनुभएको छ ?**

– एकदमै राम्रो हो । उत्पीडित जनताका शक्तिहरू एकठाउँमा आउनु राम्रो हो । उत्पीडित जनताका लागि यो खुशी र उत्साहको कदम हो । सक्रमणकालीन अवस्थामा पार्टीहरू फुट्नु र जुट्नु स्वभाविक हो । नेपालमा अहिले दुई वटा धार देखा परेका छन् । एउटा धारको नेतृत्व केपी ओलीले गर्दैछन् भने अर्को धारको नेतृत्व शेरबहादुर देउवाले गर्दैछन् । अब यी दुई वटै पार्टीका अगुवाहरूले नेपालमा २००४ सालदेखि शासन चलाउँदै आएका छन् । पञ्चायतको ३० साल निकाल्ने हो भने ४४ वर्ष यिनीहरूले नै शासन चलाएका छन् । यिनीहरूले देशलाई कहाँ पुर्‍याए भन्ने कुरा नेपाली जनताले मूल्यांकन गर्ने समय आएको छ । २००४ सालमा हाम्रो आर्थिक, सामाजिक, शैक्षिक अवस्था, देशको गरिमा कुन अवस्थामा थियो । र, आज हामी कुन अवस्थामा पुगेका छौं । हामी त्यतिबेला भारत, चीन, मलेसियालगायत देशभन्दा आर्थिक अवस्थामा समान हैसियत राख्थ्यौं । कुनै कुनै देशभन्दा हाम्रो हैसियत राम्रै थियो । देशलाई जर्जर अवस्थामा पुर्‍याउने र एउटा अग्रगामी संविधानसमेत नेपाली जनतालाई दिन नसक्ने, शुशासन स्थापित गर्न नसक्ने कांग्रेस र एमाले असफल दलहरू छन् । शेरबहादुर देउवा र केपी ओली एउटै सिक्काका दुई पाटा छन् । दुवै यथास्थितिवादी छन् । दुवै असफल भएका छन् । त्यसकारण नेपालमा तेश्रो धारको आवश्यकता थियो । जुन पार्टी नयाँ पुस्ता, नयाँ मोर्चासहितको नयाँ नेपाल बनाउने सोच राखेको छ । हामीले यसको सुरूवात गरेका छौं । हामी विभिन्न पार्टीलाई एकीकृत गरिरहेका छौं । नेपालमा वैकल्पिक राजनीतिक शक्तिको आवश्यकता थियो ।

**○ तपाईंको छुट्टै धार अरू धारभन्दा कसरी पृथक छ त ?**

– सबभन्दा पहिला यो धारले बोली र व्यवहारमा एकरूपता गर्छ । आफ्नो घोषणापत्रअनुसारको कामलाई अगाडि बढाउँछ । देशमा दीर्घ शान्ति स्थापनाका लागि अगाडि बढ्छ । नेपाली जनताबीचको एकतालाई कायम गर्छ । पहाड, मधेश र हिमाललाई एकसूत्रमा बाँध्छ । राजनीतिक स्थिरतालाई कायम गर्छ । राजनीतिक स्थिरता कायम भएपछि मात्र देश समृद्ध हुन सक्छ । युवालाई प्रोत्साहित गर्छ, भ्रष्टाचारविरूद्ध लड्छ । यी सबै काम नयाँ धारले गर्छ । नेकपा एमाले र कांग्रेसले घोषणापत्रको विपरीत काम गर्दै आएका छन् । म जनतालाई के आग्रह गर्न चाहन्छु भने विगतका घोषणपत्रहरू जम्मा पार्नुस् र ती घोषणपत्रअनुसार यी दलहरूले काम गरेका छन् कि छैनन् भन्ने कुरा मूल्यांकन गर्नुस् । घोषणापत्रअनुसार काम गरेको छ भने स्वागत गर्नुस्, गरेको छैन भने त्यस्ता दलहरूलाई बहिष्कार गर्नुस् । भाषण एउटा गर्ने, घोषणापत्र एउटा जारी गर्ने र काम अर्कै गर्ने कांग्रेस र एमाले छन् । राजनीतिको भ्रष्टीकरण, राजनीतिकको आपराधीकरण, जातपात यी सबै कुराभन्दा माथि उठेर नयाँ विचारका साथ अगाडि बढेका छौं ।

**○ तेश्रो धार कसरी स्थापित हुन सक्छ ?**

– यो धारमा जसको मुद्दा छ, त्यसको नेतृत्व छ । अरू धारमा उत्पीडित जनताले धोखा खाँदै आएका छन् । मुद्दा चाहीं उत्पीडित जनताको हुने तर, नेतृत्व चाहीं त्यही उत्पीडकको हुने अवस्था रहेकाले उत्पीडितहरूले धोका खाँदै आएका थिए । उत्पीडित जनताको पार्टी, उत्पीडित जनताको मुद्दा र उत्पीडित जनताको नेतृत्व यो तेश्रो धारमा छ ।

**○ भनेपछि तपाईंहरू अन्य धारमा समाहित हुने सम्भावना छैन ?**

– कांग्रेस र एमालेको मधेशप्रतिको दृष्टिकोण कस्तो छ भन्ने कुरा जगजाहेर छ । वामको आवरणमा नक्कली कम्युनिष्ट पार्टीहरू एक ठाउँमा जम्मा हुँदैमा वाममोर्चा बन्दैन । नक्कली कम्युनिष्टहरूको एउटा जत्था छ । यिनीहरूले मधेशीका साथै नेपाली जनतालाई धोका दिँदै आएका छन् । अर्कोतर्फ कांग्रेस पनि उस्तै छ । यही कांग्रेस सरकारमा रहेका बेला दर्जनौं मधेशी सपूतले सहादत दिनुपरेको थियो । कांग्रेस र एमालेबाट टाउको र छातीमा गोली हान्ने काम भएको छ । एकातर्फ गोली हान्ने र अर्कोतर्फ यिनीहरू नै मधेशी जनतासँग भोट माग्न आइरहेका छन् ।

**○ तपाईंहरूले आफूलाई तेश्रो धार भनिरहनुभएको छ । तर, मधेशमा राजपा र फोरम पनि एउटा धार हो नि ?**

– धार छ । तर, यो धार कहाँ जाँदैछ । यो धारले अहिलेसम्म आन्दोलनका उपलब्धिलाई गुमाउने काम गर्‍यो । प्राप्त उपलब्धिलाई रक्षा गर्न सकेन । आन्दोलनलाई धोका दिएर त्यही संविधानलाई मान्ने काम गरियो । मधेशका नाममा खोलिएका दलहरूले मुद्दालाई दुर्घटना गराएका छन् । पटक पटक धोका दिने अवसरवादीहरूको जमातले मधेशको हित गर्न सक्दैन । सत्ता समर्पण र मुद्दा विसर्जनको राजनीति गर्नेहरूले मधेशलाई हित गर्न सक्छन् भन्ने कुरा सोच्नै सकिँदैन ।

# प्रथम मधेश आन्दोलनपश्चात् गठि

**पुष्पकमल दाहाल "प्रचण्ड" को मन्त्रिमण्डल २०६५।५।२**

१.पुष्पकमल दाहाल 'प्रचण्ड' : प्रधानमन्त्री, महिला बालबालिका तथा समाज कल्याण
उपप्रधानमन्त्री
२. वामदेव गौतम : गृह
मन्त्रीहरू
३. डा. बाबुराम भट्टराई : अर्थ
४. उपेन्द्र यादव : परराष्ट्र
५. रामबहादुर थापा : रक्षा
६. विजयकुमार गच्छदार : भौतिक योजना तथा निर्माण
७. विष्णु पौडेल : जलस्रोत
८. कृष्णबहादुर महरा : सूचना तथा सञ्चार
९. जयप्रकाश गुप्ता : कृषि तथा सहकारी
१०. अष्टलक्ष्मी शाक्य : उद्योग
११. देवप्रसाद गुरूङ : कानून, न्याय तथा संसदीय व्यवस्था
१२. राजेन्द्र महतो : वाणिज्य तथा आपूर्ति
१३. मातृका प्रसाद यादव : भूमि सुधार तथा व्यवस्था
१४. गोपाल शाक्य : युवा तथा खेलकुद
१५. पम्फा भुसाल : सामान्य प्रशासन
१६. हिसिला यमी : पर्यटन तथा नागरिक उड्डयन
१७. गिरिराजमणि पोखरेल : स्वास्थ्य तथा जनसंख्या
१८. रेणु कुमारी यादव : शिक्षा
१९. किरण गुरुङ : वन तथा भू-संरक्षण
२०. जनार्दन शर्मा : शान्ति तथा पुनर्निर्माण
२१. गोपाल किराती : संस्कृति तथा राज्य पुनर्संरचना
२२. रामचन्द्र झा : स्थानीय विकास
२३. लेखराज भट्ट : श्रम तथा यातायात
२४. गणेश साह : वातावरण, विज्ञान तथा प्रविधि

**माधव कुमार नेपालको मन्त्रिमण्डल २०६६।२।११**

१. माधवकुमार नेपाल : प्रधानमन्त्री
उपप्रधानमन्त्री
२. विजयकुमार गच्छदार : भौतिक योजना तथा निर्माण
३. सुजाता कोइराला : परराष्ट्र
मन्त्रीहरू
४. विद्यादेवी भण्डारी : रक्षा
५. शरतसिंह भण्डारी : पर्यटन तथा नागरिक उड्डयन
६. भीमबहादुर रावल : गृह
७. सर्वेन्द्रनाथ शुक्ला : शिक्षा
८. राजेन्द्र महतो : वाणिज्य तथा आपूर्ति
९. सुरेन्द्र पाण्डे : अर्थ
१०. प्रेमबहादुर सिंह : कानून तथा न्याय
११. डा. प्रकाशशरण महत : ऊर्जा
१२. बालकृष्ण खाँण : सिँचाई
१३. शंकर पोखरेल : सूचना तथा सञ्चार
१४. डा. मिनेन्द्रप्रसाद रिजाल : सङ्घीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति
१५. रकम चेम्जोङ : शान्ति तथा पूनर्निर्माण
१६. पूर्णकुमार सेर्मा लिम्बु : स्थानीय विकास
१७. उमाकान्त चौधरी : स्वास्थ्य तथा जनसंख्या
१८. मो. आफ्ताब आलम : श्रम तथा यातायात
१९. प्रभाकर प्रधानाङ्ग : रविन्द्र श्रेष्ठ, सामान्य प्रशासन
२०. डम्बर श्रेष्ठ : भूमीसुधार तथा व्यवस्था
२१. दीपक बोहरा : वन तथा भू:संरक्षण
२२. महेन्द्रप्रसाद यादव : उद्योग
२३. मृगेन्द्रकुमार सिंह यादव : कृषि तथा सहकारी
२४. गणेश तिवारी नेपाली : युवा तथा खेलकुद
२५. ठाकुरप्रसाद शर्मा : वातावरण
२६. लक्ष्मणलाल कर्ण : विना विभागीय
२७. सर्वदेवप्रसाद ओझा : महिला, बालबालिका तथा समाजकल्याण
राज्यमन्त्रीहरू
२८. गणेशबहादुर खड्का :स्थानीय विकास
२९. डिल्लीबहादुर महत : शान्ति तथा पुनर्निर्माण
३०. जीतबहादुर दर्जी गौतम : सामान्य प्रशासन
३१. चन्द्रसिंह भट्टराई : ऊर्जा
३२. खड्गबहादुर बस्याल सार्की : स्वास्थ्य तथा जनसंख्या
३३. दानबहादुर कुर्मी चौधरी : उद्योग
३४. मानबहादुर शाही : भूमीसुधार तथा व्यवस्था
३५. इन्द्रप्रसाद ढुङ्गेल : विज्ञान तथा प्रविधि
३६. सञ्जयकुमार शाह : भौतिक योजना तथा निर्माण
३७. रामवच्चन अहिर यादव : महिला, बालबालिका तथा समाजकल्याण
३८. करिमा वेगम : कृषि तथा सहकारी
३९. शत्रुघ्नप्रसाद सिंह कोइरी :पर्यटन तथा नागरिक उड्डयन
४०. सरोजकुमार यादव : वाणिज्य तथा आपूर्ति
४१. गोविन्द चौधरी :शिक्षा

सहायक मन्त्री
४२. श्रकलावतीदेवी दुसाध : भौतिक योजना तथा निर्माण
४३. चन्दा चौधरी : युवा तथा खेलकुद

**झलनाथ खनालको मन्त्रीमण्डल २०६७ माघ २३**

१ झलनाथ खनाल : प्रधानमन्त्री
माननीय उपप्रधानमन्त्री
२ भरतमोहन अधिकारी : अर्थस वाणिज्य तथा आपूर्ति
३ कृष्णबहादुर महरा : गृह
४ उपेन्द्र यादव : परराष्ट्र
माननीय मन्त्रीहरू
५ विष्णुप्रसाद पौडेल : रक्षा
६ टोपबहादुर रायमाझी : भौतिक योजना तथा निर्माण
७. अग्निप्रसाद सापकोटा : सूचना तथा सञ्चार
८. श्रशक्तिबहादुर बस्नेत : स्वास्थ्य तथा जनसंख्या
९. खड्गबहादुर विश्वकर्मा : पर्यटन तथा नागरिक उड्डयन
१०. उर्मिला अर्याल : स्थानीय विकास
११. श्रगङ्गालाल तुलाधर : शिक्षास विज्ञान तथा प्रविधि
१२. रघुवीर महासेठ : सिँचाई
१३. गोकर्ण विष्ट : ऊर्जा
१४. भानुभक्त जोशी : वन तथा भू(संरक्षण
१५. घनश्याम भुसाल : कार्यभार पछि तोकिने
१६. युवराज कार्की : सामान्य प्रशासन
१७. विश्वनाथ शाह : शान्ति तथा पुनर्निर्माण
१८. जयपुरी घर्ती : महिला, बालबालिका तथा समाजकल्याण
१९. रामचरण चौधरी : भूमीसुधार तथा व्यवस्था
२०. महेन्द्र पासवान : उद्योग
२१. प्रभु साह : कानून तथा न्याय
२२. हितबहादुर तामाङ : युवा तथा खेलकुद
२३. हरिनारायण यादव : कृषि तथा सहकारी
२४. मोहम्मद इस्तियाक राईन : श्रम तथा यातायात
२५. सुनीलकुमार मानन्धर : वातावरण
२६. खगेन्द्रप्रसाद प्रसाई : सङ्घीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति
माननीय राज्यमन्त्रीहरू
२७. शत्रुघन महतो : स्थानीय विकास
२८. दलबहादुर सुनार : सिँचाई
२९. रामजी शर्मा : ऊर्जा
३०. डम्बर साम्वाहाम्फे : सामान्य प्रशासन
३१. भगवती चौधरी : वन तथा भू(संरक्षण
३२. हकिकुल्लाह खाँ : भूमीसुधार तथा व्यवस्था
३३. देवी खड्का : भौतिक योजना तथा निर्माण
३४. धर्मशिला चापागाई : स्वास्थ्य तथा जनसंख्या
३५. ध्रुव आङदाम्बे लिम्बु : पर्यटन तथा नागरिक उड्डयन
३६. नन्दनकुमार दत्त : कृषि तथा सहकारी

**डा. बाबुराम भट्टराईको २०६८ भदौ १२**

१ डा. बाबुराम भट्टराई : प्रधानमन्त्री
उपप्रधानमन्त्रीहरू
२. विजयकुमार गच्छदार : गृह र रक्षा
३. नारायणकाजी श्रेष्ठ : परराष्ट्र
मन्त्रीहरू
४. जयप्रकाश प्रसाद गुप्ता : सूचना तथा सञ्चार
५. हृदयेश त्रिपाठी : भौतिक योजना तथा निर्माण
६. पोष्टबहादुर बोगटी : ऊर्जा
७. टोपबहादुर रायमाझी : स्थानीय विकास
८. राजेन्द्र महतो : स्वास्थ्य तथा जनसङ्ख्या
९. बर्षमान पुन : अर्थ
१. दीनानाथ शर्मा : शिक्षा
११. महेन्द्रप्रसाद यादव : सिंचाई
१२. लोकेन्द्र विष्ट मगर : पर्यटन तथा नागरिक उड्डयन
१३. गोपाल किराँती : सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति
१४. लेखराज भट्ट : वाणिज्य तथा आपूर्ति
१५. भीमप्रसाद गौतम : भूमिसुधार तथा व्य.
१६. रामकुमार यादव : सामान्य प्रशासन
१७. अनिलकुमार झा : उद्योग
१८. वृजेशकुमार गुप्ता : कानून तथा न्याय
१९. हेमराज तातेड : वातावरण
२०. नन्दन कुमार दत्त : कृषि तथा सहकारी
२१. कमला रोका : युवा तथा खेलकुद
२२. राजलाल यादव : कार्यभार पछि तोकिने
२३. मुहम्मद वकील मुसलमान : वन तथा भू(संरक्षण
२४. दानबहादुर कुर्मी चौधरी : महिला, बालबालिका तथा समाजकल्याण
२५. सरिता गिरी : श्रम तथा यातायात व्यवस्था
२६. कल्पना धमला : विज्ञान तथा प्रविधि
२७. सत्य पहाडी : शान्ति तथा पुनर्निर्माण
राज्यमन्त्रीहरू
२८. खोभारी राय : उद्योग
२९. रामवच्चन अहिर(यादव) : रक्षा
३०. सरोजकुमार यादव : स्वास्थ्य तथा जनसङ्ख्या
३१. दिलीप महर्जन : पर्यटन तथा नागरिक उड्डयन
३२. विष्णुप्रसाद चौधरी : वाणिज्य तथा आपूर्ति
३३. सूर्यमान दोङ : ऊर्जा
३४. लीला भण्डारी : शिक्षा
३५. गोपी आछामी : युवा तथा खेलकुद
३६. घनश्याम यादव : स्थानीय विकास
३७. ज्वाला साह : भूमिसुधार तथा व्य.
३८. सुषमा शर्मा : सङ्घीय मामिला, संविसंसदीय व्यवस्था तथा संस्कृति
३९. हरिराज लिम्बु : अर्थ
४०. सुनिताकुमारी महतो : सामान्य प्रशासन
४१. भीमराज चौधरी राजबंशी : गृह
४२. लक्ष्मण महतो : वन तथा भू-संरक्षण
४३. दुर्गादेवी महतो (धानुक) : वातावरण
४४. काशी देवी झा : कानून तथा न्याय
४५. ईश्वर दयाल मिश्र : भौतिक योजना तथा निर्माण
४६. अरविन्द साह : महिला, बालबालिका तथा समाज कल्याण
४७. रमणीराम : सिँचाई
४८. सुरीताकुमारी साह : सूचना तथा सञ्चार
४९. ओमप्रकाश यादव : कृषि तथा सहकारी

**खिलराज रेग्मीको अन्तरिम चुनावी मन्त्रीपरिषद्**

(मूल लेख अन्तरिम चुनावी मन्त्रीपरिषद् २०६९)
१. सम्मानिनीय खिलराज रेग्मी, मन्त्रिपरिषद् अध्यक्ष, रक्षास सहकारी तथा गरीबी निवारण
मन्त्रीहरू
२. माधवप्रसाद घिमिरे : गृह र परराष्ट्र
३. हरिप्रसाद न्यौपाने : कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला र श्रम तथा रोजगार
४. ऋद्धिबाबा प्रधान : महिला, बालबालिका तथा समाजकल्याण र भूमिसुधार तथा व्यवस्था
५. विद्याधर मल्लिक : सङ्घीय मामिला तथा स्थानीय विकास र स्वास्थ्य तथा जनसंख्या
६. माधवप्रसाद पौडेल : सामान्य प्रशासनस सूचना तथा सञ्चार र शिक्षा
७. शंकरप्रसाद कोइराला : अर्थस उद्योग र वाणिज्य तथा आपूर्ति
८. छविराज पन्त : भौतिक पुर्वाधार तथा यातायात र सहरी विकास
९. टेकबहादुर थापा (घर्ती) : कृषि विकास र वन तथा भू(संरक्षण
१०. रामकुमार श्रेष्ठ : युवा तथा खेलकुदस शान्ति तथा पुननिर्माण र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
११. उमाकान्त झा : उर्जास विज्ञान, प्रविधि तथा वातावरण र सिंचाइ

**सुशील कोइराला मन्त्रीमण्डल २०७० माघ २९ (पुनर्गठन २०७० फागुन १३)**

१. सुशील कोइराला : प्रधानमन्त्री
महिला, बालबालिका तथा समाजकल्याण, रक्षा, वाणिज्य तथा आपूर्ति, विज्ञान,प्रविधि तथा वातावरण, शान्ति तथा पुननिर्माण, सहकारी तथा गरिबी निवारण, श्रम तथा रोजगार
मन्त्रीहरू
२. बामदेव गौतम : उप प्रधानमन्त्री गृह
३. प्रकाशमान सिंह : उप प्रधानमन्त्री सङ्घीय मामिला तथा स्थानीय विकास
४. डा. रामशरण महत : अर्थ
५. विमलेन्द्र निधि : भौतिक पूर्वाधार तथा यातायात
६. नरहरि आचार्य : कानून,न्याय,संविधानसभा तथा संसदीय मामिला
७. महेश आचार्य : वन तथा भू(संरक्षण
८. चित्रलेखा यादव : शिक्षा
९. डा. मिनेन्द्र प्रसाद रिजाल : सूचना तथा सञ्चार
१०. राधा ज्ञवाली : ऊर्जा
११. नारायण प्रकाश साउद : सिँचाइ
१२. डा. नारायण खड्का : सहरी विकास
१३. महेन्द्र बहादुर पाण्डे : परराष्ट्र
१४. खगराज अधिकारी : स्वास्थ्य तथा जनसङ्ख्या
१५. भिम प्रसाद आचार्य : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
१६. लालबाबु पण्डित : सामान्य प्रशासन
१७. दलबहादुर राना : भूमिसुधार तथा व्यवस्था
१८. कर्णबहादुर थापा : उद्योग
१९. हरिप्रसाद पराजुली : कृषि विकास
२०. पुरूषोत्तम पौडेल : युवा तथा खेलकुद
२१. सुनिलबहादुर थापा : वाणिज्य तथा आपूर्ति
२२. निलम केसी (खड्का) : महिला तथा समाजकल्याण
राज्यमन्त्री
२३. टेकबहादुर गुरूङ : श्रम तथा रोजगार
२४. गिरी बहादुर केसी : वाणिज्य तथा आपूर्ति

**केपी ओलीको मन्त्रीमण्डल (गठन मिति २०७२।६।२५ पुनर्गठन ७१, ७।१९)**

१.खड्गप्रसाद शर्मा ओली : प्रधानमन्त्री
उपप्रधानमन्त्रीहरू
२. विजयकुमार गच्छदार :उपप्रधानमन्त्री, भौतिक पूर्वाधार तथा यातायात
३. कमल थापा : उपप्रधानमन्त्री, परराष्ट्र
४. टोप बहादुर रायमाझी : उपप्रधानमन्त्री, उर्जा
५. भीमबहादुर रावल : उपप्रधानमन्त्री, रक्षा
६. चन्द्रप्रकाश मैनाली : उपप्रधानमन्त्री, महिला, बालबालिका तथा समाज कल्याण
७. चित्रबहादुर के.सी. : उपप्रधानमन्त्री, सहकारी तथा गरिबी निवारण
मन्त्रीहरू
८. विष्णुप्रसाद पौडेल : अर्थ
९. गिरिराज मणि पोखरेल : शिक्षा

# गठित मन्त्रिमण्डलहरू

१०. अग्नी प्रसाद सापकोटा : वन तथा भूसंरक्षण
११. शक्ति बहादुर बस्नेत : गृह
१२. अग्नि प्रसाद खरेल : कानुन, न्याय तथा संसदीय मामिला।
१३. सोमप्रसाद पाण्डे : उद्योग
१४. सत्यनारायण मण्डल : विना विभागीय
१५ हरिबोल गजुरेल : कृषि विकास
१६. रामकुमार सुब्बा : भूमिसुधार तथा व्यवस्था
१७. रामजनम चौधरी : स्वास्थ्य तथा जनसंख्या
१८. रेखा शर्मा : सामान्य प्रशासन
१९. गणेशमान पुन : वाणिज्य तथा आपूर्ति
२०. उमेश यादव : सिञ्चाई
२१. शेरधन राई : सूचना तथा सञ्चार प्रविधि
२२. शान्ता मानवी : विना विभागीय
२३. विसेन्द्र पासवान : विज्ञान प्रविधि र वातावरण
२४. आनन्दप्रसाद पोखरेल : संस्कृति पर्यटन तथा नागरिक उड्ययान
राज्यमन्त्रीहरू
२५. मेघराज नेपाली (निषाद) : उद्योग
२६. मो मुस्ताक आलम : स्वास्थ्य तथा जनसंख्या

## पुष्पकमल दाहाल प्रचण्डको मन्त्रीमण्डल (२०७३ साउन २०)

१. पुष्पकमल दाहाल : प्रधानमन्त्री खानेपानी तथा सरसफाई पशुपंक्षी विकास महिला, बालबालिका तथा समाजकल्याण विज्ञान तथा प्रविधि
उपप्रधानमन्त्री
२. विमलेन्द्र निधि : उपप्रधानमन्त्री, गृह
३. कृष्णबहादुर महरा : उपप्रधानमन्त्री, अर्थ
मन्त्रीहरू
४. अर्जुननरसिंह केसी : सहरी विकास
५. रमेश लेखक : भौतिक पूर्वाधार तथा यातायात
६. जनार्दन शर्मा : ऊर्जा
७. डा. प्रकाशशरण महत :परराष्ट्र
८. बालकृष्ण खाण: रक्षा
९. दीपक बोहरा :आपूर्ति
१०. सूर्यमान गुरूङ :श्रम तथा रोजगार
११. गौरीशंकर चौधरी : कृषि विकास
१२. दलजित श्रीपाइली : युवा तथा खेलकुद
१३. विक्रम पाण्डे : भूमिसुधार तथा व्यवस्था
१४. जयदेव जोशी : जनसङ्ख्या तथा वातावरण
१५. हितराज पाण्डे : सङ्घीय मामिला तथा स्थानीय विकास
१६. सुरेन्द्रकुमार कार्की : सूचना तथा सञ्चार
१७. धनिराम पौडेल : शिक्षा
१८. अजयशंकर नायक : कानुन, न्याय, तथा संसदीय मामिला
१९. केशवकुमार वुढाथोकी : सामान्य प्रशासन
२०. रोमी गौचन थकाली :वाणिज्य
२१. सीतादेवी यादव : शान्ति तथा पुननिर्माण
२२. जीवनबहादुर शाही : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
२३. दीपक गिरी : सिँचाइ
२४. नवीन्द्रराज जोशी : उद्योग
२५. शंकर भण्डारी : वन तथा भू:संरक्षण
२६. गगन थापा : स्वास्थ्य
२७. हृदयराम थानी : सहकारी तथा गरिबी निवारण
राज्यमन्त्रीहरू
२८. श्रीप्रसाद जवेगु : सङ्घीय मामिला तथा स्थानीय विकास
२९. सत्यनारायण भगत : ऊर्जा
३०. राधिका तामाङ्ग : कृषि विकास
३१. धनमाया वि.क. : विना विभागीय
३२. दिर्घ राज भाट : वन तथा भू(संरक्षण
३३. सिताराम महतो : भौतिक पूर्वाधार तथा यातायात
३४. तारामान गुरङ्ग : स्वास्थ्य
३५. सुरेन्द्रराज आचार्य : सिँचाइ
३६. सुवर्ण ज्वारचन : वाणिज्य
३७. इन्द्रबहादुर बानिया : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
३८. दिलिप खवास गच्छदार : श्रम तथा रोजगार
३९. दिपक खड्का : खानेपानी तथा सरसफाई
४०. कन्चन चन्द्र बादे : उद्योग
४१. मिठु मल्ल :सहरी विकास

## शेरबहादुर देउवाको जम्बो मन्त्रीमण्डल (२०७४ जेठ २४ गते)

१. शेरबहादुर देउवा : प्रधानमन्त्री गृह, परराष्ट्र, पशुपंक्षी विकास विज्ञान तथा प्रविधि, शान्ति तथा पुननिर्माण, सामान्य प्रशासन
उपप्रधानमन्त्री
२. विजयकुमार गच्छदार : सङ्घीय मामिला तथा स्थानीय विकास
३. कमल थापा : ऊर्जा
४. कृष्णबहादुर महरा : विनाविभागीय
५. गोपालमान श्रेष्ठ : शिक्षा
मन्त्रीहरू
६. गिरिराजमणि पोखरेल : विनाविभागीय
७. ज्ञानेन्द्रबहादुर कार्की : अर्थ
८. फरमुल्लाह मन्सुर : श्रम तथा रोजगार
९. जनार्दन शर्मा : विनाविभागीय
१०. दीपक बोहरा : स्वास्थ्य
११. प्रभु शाह : विनाविभागीय
१२. सुनिलबहादुर थापा : उद्योग
१३. जयन्त चन्द : आपूर्ति
१४. बिक्रम पाण्डे : वन तथा भू(संरक्षण
१५. दिलनाथ गिरी : सहरी विकास
१६. जितेन्द्रनारायण देव : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
१७. गोपाल दहित : भूमिसुधार तथा व्यवस्था
१८. मोहनबहादुर बस्नेत : सूचना तथा सञ्चार
१९. रामकृष्ण यादव : कृषि विकास
२०. महेन्द्र यादव : खानेपानी तथा सरसफाई
२१. अम्बिका बस्नेत : सहकारी तथा गरिबी निवारण

**२०६५ सालदेखि हालसम्म सरकारमा गैरमधेशी र मधेशीको दलको हिस्सेदारी**

| मन्त्रालय | गैरमधेशी दल | मधेशी दल |
|---|---|---|
| प्रधानमन्त्री | ९ | ० |
| गृह | ८ | १ |
| अर्थ | ९ | ० |
| परराष्ट्र | ७ | २ |
| रक्षा | ८ | १ |
| भौतिक योजना तथा पुनर्निर्माण | ५ | ४ |
| जलस्रोत | ९ | ० |
| सूचना तथा सञ्चार | ८ | १ |
| कृषि तथा सहकारी | ५ | ४ |
| उद्योग | ७ | २ |
| कानुन, न्याय तथा संसदीय व्यवस्था | ८ | १ |
| वाणिज्य तथा आपूर्ति | ७ | २ |
| भूमि सुधार तथा व्यवस्था | ८ | १ |
| युवा तथा खेलकुद | ८ | १ |
| सामान्य प्रशासन | ९ | ० |
| पर्यटन तथा नागरिक उड्डयन | ७ | २ |
| स्वास्थ्य तथा जनसंख्या | ७ | २ |
| शिक्षा | ७ | २ |
| वन तथा भू-संरक्षण | ८ | १ |
| शान्ति तथा पुनर्निर्माण | ९ | ० |
| स्थानीय विकास | ८ | १ |
| श्रम तथा यातायात | ७ | २ |
| वातावरण, विज्ञान तथा प्रविधि | ७ | २ |

२२. वीरबहादुर बलायर : भौतिक पूर्वाधार तथा यातायात
२३. मीनबहादुर विश्वकर्मा : वाणिज्य
२४. यज्ञबहादुर थापा : कानुन, न्याय, तथा संसदीय मामिला
२५. भीमसेनदास प्रधान : रक्षा
२६. सञ्जयकुमार गौतम : सिँचाइ
२७. राजेन्द्रकुमार के.सी. : युवा तथा खेलकुद
२८. टेकबहादुर बस्नेत : विनाविभागीय
२९. शिवकुमार मण्डल केवट : विनाविभागीय
३०. महेन्द्रबहादुर शाही : विनाविभागीय
३१. आशा कोइराला : विनाविभागीय
३२. सन्तकुमार थारू: विनाविभागीय
३३. मिथिला चौधरी : जनसङ्ख्या तथा वातावरण
३४. विक्रमबहादुर थापा : महिला, बालबालिका तथा समाजकल्याण
राज्यमन्त्रीहरू
३५. कुन्तीकुमारी शाही : सहरी विकास
३६. मोहम्मद जाकिर हुसेन : विनाविभागीय
३७. रामसिंह यादव : विनाविभागीय
३८. श्यामकुमार श्रेष्ठ : विनाविभागीय
३९. शम्भुलाल श्रेष्ठ : विनाविभागीय
४०. कर्णबहादुर बि.क. : विनाविभागीय
४१. छमबहादुर गुरूङ : विनाविभागीय
४२. गोमा कुवर : विनाविभागीय
४३. वाङदी शेर्पा : विनाविभागीय
४४. सीता गुरूङ : भौतिक पूर्वाधार तथा यातायात
४५. सरिता प्रसाई : कृषि विकास
४६. शेषनाथ अधिकारी : शिक्षा
४७. नरबहादुर चन्द : वाणिज्य
४८. अब्दुल रज्जाकगद्दी : खानेपानी तथा सरसफाई
४९. तप्तबहादुर विष्ट : सूचना तथा सञ्चार
५०. अमरसिंह पुन : सिँचाइ
५१. दिलमान पाखिन : कानुन, न्याय, तथा संसदीय मामिला
५२. उदयशम्सेर राणा : अर्थ
५३. डिल्लीबहादुर चौधरी : श्रम तथा रोजगार
५४. तेजुलाल चौधरी: युवा तथा खेलकुद
५५. चम्पादेवी खड्का : सहकारी तथा गरिबी निवारण
५६. जनकराज चौधरी : सङ्घीय मामिला तथा स्थानीय विकास
५७. सुमित्रा थरूनी : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
५८. यसोदा कुमारी लामा : भूमिसुधार तथा व्यवस्था
५९. रेशम लामा : उद्योग
६०. विराज विष्ट : विज्ञान तथा प्रविधि
६१. कमला देवी शर्मा : वन तथा भू(संरक्षण
६२. भाष्कर भद्रा : ऊर्जा
६३. शुशीलकुमार श्रेष्ठ : आपूर्ति
६४. कान्ता भट्टराई : महिला, बालबालिका तथा समाजकल्याण

# मधेश आन्दोलनका शहीदहरू

**मधेशी शहीदहरू-२०६४**

१. रमेश महतो
२. प्रमोद सदा
३. बेचन यादब
४. विजय सहनी
५. अनीस राईन
६. तल्लु हस्दा हेमरम
७. सदानन्द यादब
८. निर्मल राजबंशी
९. राजकुमार कामत
१०. दिनदयाल मण्डल
११. बेचन मियाँ
१२. श्याम सुन्दर मेहता
१३. हरि मेहता
१४. रामस्वरूप मेहता
१५. अनिल ऋषिदेव
१६. भगवती मण्डल
१७. विस्कुट मियाँ
१८. लखन साफी
१९. जितेन्द्र मरवैता
२०. राजेश यादव
२१. रामानन्द मेहता
२२. गुल्टेन दास
२३. छुतहरू मुखिया
२४. भुल्की यादव
२५. गंगा दास
२६. कारी ठाकुर
२७ शिवशंकर यादव
२८. ब्रह्मदेव ठाकुर
२९. राजेश ठाकुर
३०. कैयूम दफाली
३१. आशिफ अली मिकरानी
३२. दिनेश राय यादव
३३. रामनारायण साह
३४. राम एकबाल राय
३५. संजय कुमार राय यादव
३६. जिवधारी यादव
३७. शेष अब्दुल असरफ
३८. मजिद महम्मद मंसूर
३९. जमिर आलम
४०. दिपेन्द्र साह
४१. महावीर साह
४२. विरवल मुखिया
४३. भगवती यादव
४४. असलम पठान
४५. चन्द्रिका यादव
४६. कोइली कोरी
४७. खोडहे गोरिया
४८. तुलाराम तिवारी
४९. काशीराम हरिजन
५०. माता प्रसाद वर्मा
५१. गुल्जार खाँ
५२. कमल गिरी
५३. जगदीश पासवान
५४. जिलेराम यादव

**मधेशी शहीदहरू-२०७२**

१ टीकाराम गौतम
२ यमबहादुर बिसी
३ गोपालसिंह रजवार
४ राजेन्द्र (राजीव) राउत
५ दुर्गेश यादव
६ सुनील यादव
७ सुधीराम यादव
८ रामेश्वर पासी
९ शैलेन्द्र श्रीवास्तव
१० हरिबहादुर कुँवर
११ राजकिशोर ठाकुर
१२ लक्ष्मण न्यौपाने (एसएसपी)
१३ बलराम विष्ट (इन्स्पेक्टर)
१४ केशवराज बोहरा ( इन्स्पेक्टर)
१५ लोकेन्द्र चन्द (प्रहरी जवान)
१६ लक्ष्मण खड्का (प्रहरी जवान)
१७ रामबिहारी ठाकुर (प्रहरी हवल्दार)
१८ ललित साउद (प्रहरी हवल्दार)
१९ टेकेन्द्र साउद (वर्ष २)
२० चिन्कु दगौरा थारू ( आन्दोलनकारी)
२१ दिलीप चौरसिया
२२ धर्मराज सिंह
२३ दीनानाथ साह
२४ भोला साह
२५ सोहन साह कलवार
२६ हिफाजत मियाँ
२७ रामकृष्ण राउत
२८ रोहन चौधरी
२९ रामविवेक यादव
३० अमित कापड
३१ विरेन्द्र बिच्छा
३२ थमनबहादुर विक (सशस्त्र प्रहरी असई)
३३ रामशिला मण्डल
३४ गणेश चौधरी
३५ निकु यादव (वर्ष १८)
३६ संजय चौधरी
३७ दिलीप यादव (वर्ष १३)
३८ चन्दन पटेल (वर्ष ४)
३९ रञ्जना क्षेत्री (वर्ष १४)
४० राजकुमार बराई
४१ विन्दू लाकोल
४२ नन्दनी पाण्डेय
४३ शत्रुधन पटेल
४४ रामप्रदीप महतो धुनियाँ
४५ सौगाती मुराऊ
४६ आशिष राम (भारतीय)
४७ वीरेन्द्र राम
४८ नागेश्वर यादव
४९ दिलिप साह
५० शिवशंकर दास
५१ महोम्मद तबरेज शम्स आलम
५२ शेख मैरूद्दिन
५३ महादेव ऋषिदेव
५४ शिबू माझी
५५ द्रोपदीदेवी चौधरी
५६ नागेन्द्र ठाकुर

**शहीदहरू २०७३ (सप्तरी)**

१ सञ्जन मेहता
२ पिताम्बर मण्डल
३ आनन्द साह
४ वीरेन्द्र महतो
५ इनरदेव यादव

**शहीद २०७४**

१ रघु साफी
२ दुखीलाल मेहता

# काशीप्रसाद श्रीवास्तव र लोकतान्त्रिक आन्दोलन–६

डा.जगतप्रसाद पराजुली



काशीबाबूले गान्धी, नेहरू, राजेन्द्रप्रसाद तथा विपीसँग हजारीवाग जेलमा तीन महिना सँगै विताएका थिए । यी तीन महिना उनको लागि सुनौला दिनहरू सावित भए । गान्धीको अनुयायी भएर भारतको प्रत्येक प्रान्तमा विचार प्रचार-प्रसार गरेको सन्दर्भ सार्वजनीकीकरण भयो ।

काशीबाबू र हजारीवाग बन्दीगृहको यातना :

भारतमा गरम विचारका पक्षधरहरूले आफ्नै किसिमबाट आन्दोलनका कार्यक्रमहरू परिचालन गरिरहेका थिए । भगतसिंह क्रान्तिलाई निष्कर्षमा पुऱ्याउन हिन्सात्मक तौरतरिका नअपनाई अंग्रेजलाई भारतको भूमिबाट लखेट्न सकिदैन भनेर क्रान्तिकारी धार बाट गतिविधि संचालन गरिरहेका थिए । उनलाई त्यही नीतिका अनुयायीहरूले सक्रियताका साथ सघाइरहेका थिए । त्यसैगरी कांग्रेसभित्रका गरमविचारलाई प्रस्रय दिएर आफ्ना अभिमत प्रकट गर्ने नेता तथा कार्यकर्ताहरू शान्तिपूर्ण आन्दोलनबाट स्वतन्त्रता प्राप्त गर्न सम्भव छैन भन्ने निचोड निकालेर आवस्यकता अनुरूप सशक्त आन्दोलनका कार्यक्रमहरू परिचालन गरिरहेका थिए । यसरी संचालन भएका स्वतन्त्रता उन्मुख परिघटनाहरूले पनि समानान्तर रूपमा अंग्रेजहरूलाई भारतबाट पलायन गराउन बाध्यकारी परिवेश श्रृजना गरिरहेको थियो । शुभाष चन्द्र वोस युवा-युवतीहरूलाई आजाद हिन्द फौजमा आबद्ध गराएर अंग्रेजहरूलाई भगाउन व्यापक संगठन गरिरहेका थिए । यसरी गरम, उग्र, वामपन्थिए र क्रान्तिकारी धारबाट पनि स्वतन्त्रता संग्राम, समानान्तर किसिमले गतिशिल अवस्थामा थियो ।

माहात्मा गान्धी, जवाहरलाल नेहरू, राजेन्द्रप्रसाद जस्ता श्रेष्ठ नेताहरू हिंशाको माध्यमबाट राजनैतिक मागहरू पुरा गराउने पक्षमा थिएनन् । भारतीय राष्ट्रिय कांग्रेसमा नरम विचारका पक्षधरहरूले यी नेताहरूको यही अहिंसावादी अवधारणालाई पच्छ्याईरहेका थिए । काशीबाबू लगायतका नेपाली मूल र समुदायका व्यक्तिहरू समेत गान्धीवादी धारमा नै सक्रिय भएर अविच्छिन्न रूपमा परिचालित कार्यक्रमहरूमा सहभागिता जनाईरहेका थिए । काशीबाबूले नेपाली समुदायको नेतृत्व गरेर गान्धीवादी अहिंसात्मक आन्दोलनलाई नतिजामुखी बनाउन कसरत गरिरहेका थिए ।

भारतमा स्वतन्त्रता संग्रामका अनेकौं कार्यक्रमहरू समय अनुकुल परिचालित थिए । सत्याग्रहका रूपमा विभिन्न किसिमका मार्चपास्टहरू, डांडीयात्रा, सावरमती मार्च, नमक मार्चपास्ट, बहिस्करण अभियान, स्वदेश प्रेम यात्रा, स्वदेशी सामाग्री रूझाव, असहयोग आन्दोलन, सविनय अवज्ञा आन्दोलन, भद्र अवज्ञा आन्दोलन, भारत छोड (क्वीट इण्डिया मोभमेन्ट) आन्दोलन जस्ता अनेक किसिमका स्वरूप झल्किने अहिन्सात्मक प्रवृत्तिका सत्याग्रह अभियानहरू उद्देश्य गन्तव्य र लक्ष्यतर्फ अभिमुखीकरण भैरहेका थिए । "जेलभरो आन्दोलन" ले अंग्रेज प्रशासकहरूलाई सबैभन्दा ठूलो टाउको दुखाई भएको थियो ।

सम्पूर्ण भारतको भूमिका 'भद्र अवज्ञा' आन्दोलन र 'जेल भरो' नामक सत्याग्रहले भारतीय नागरिक तथा प्रवासी नेपाली समुदायका अभियन्ताहरूलाई एकाकार बनाएर कार्यक्रममा शरीक गराउन सफल भयो । अंग्रेजहरूले आफ्ना विरोधीहरू अंग्रेज नीतीको विरूद्ध कदम चाल्ने आलोचकहरूलाई बन्दी बनाउन निर्माण गरिएका बन्दीगृहहरू सत्यागृहबाट खचाखच् भरिए । सबैतिरका जेल, कारागार, सुधारकेन्द्र, यातनागृह जेजस्ता नाम र स्वरूपमा बन्दीगृहहरू निर्माण गरिएका थिए । ती सबै केन्द्रहरू पूर्णरूमा भरिए । जेलभराउ अभियानमा सक्रिय सत्यागृहीहरूले चर्का-चर्का नाराहरू लगाए । अंग्रेज प्रषसकहरूका अनुदार, प्रवृत्ति, दमन, अमानवीय कदम, निरंकुशता, स्वेच्छाचारिता, स्वतन्त्रता, स्वायत्तता, समानता, प्रजातन्त्र, सम्प्रभुत्ता, राष्ट्रियता जस्ता सारगर्भित सवालहरूलाई अग्रभागमा राखेर अनेक भाषण, प्रवचन, सन्देश, विचार सम्प्रेषण आदि गरियो । स्वदेशप्रेमका गगनभेदी नाराहरूले अंग्रेज अधिकारीहरूलाई भयभित तुल्यायो । बन्दीगृहमा मान्छे राख्ने ठाउँ भएन । यद्यपि स्वतन्त्रताप्रेमी सत्याग्रहीहरू स्वतन्त्र र स्वच्छन्द रूपमा जेलभराउ अभियानलाई तिव्रताका साथ स्वीकार गर्दै सहभागिता बढाईरहेका थिए । अभियानका अंहिसावृत्ति व्यक्तिहरूलाई अनुदार अंग्रेजहरूले अमानविय किसिमले क्रुरतापूर्वक दवाउने चेष्टा पनि गरे । तथापि सत्याग्रहिहरू झन् उत्साहका साथ ज्यानको बाजी लगाएर अभियानमा जुटे । १६०० इ.सं. मा स्थापित व्रिटिश इष्ट इण्डिया कम्पनीलाई १९४० इ.सं. को दशक सबैभन्दा चुनौतिपूर्ण, सम्वेदनशील र कठिनाइपूर्ण बनाइदिएको थियो । अंग्रेज अधिकारीहरूले आफुसँग भएका साधन, स्रोत तथा सामरिक प्रयोगले नभ्याएर गृहसरकार (बेलायतको गृहप्रशासन) लाई समेत गुहार्नु परेको स्थिति थियो ।

सम्पूर्ण भारतका बन्दी गृहमा खुट्टा हाल्ने ठाउँ थिएन । सबै कारागारमा गगलभेदी नाराहरू गुन्जायमान थिए । जेलको ढोका खोलेर मुक्त गराउँन समेत आन्दोलनकारी बाहिर निस्कने भन्दा बन्दीगृहभित्र पस्न रूचाउथे । "दमनगर कतिसम्म गर्न सक्छौ, मार कतिलाई मार्न सक्छौ" भन्दै त्रिरंगा झण्डा तथा गान्धीवादी पहिरनमा अनुयायीहरूले उक्त कार्यक्रममा इमान्दारिताका साथ सिक्रयता दर्शाए । काशीबाबू र उनीसँग अन्तरंगभै अभियानमा लागेका थुप्रै भारतीय र नेपाली समुदायका व्यक्तिहरू ठाउँ-ठाउँमा पर्चा, पम्पलेटिङ, अखबार वितरण, विज्ञप्ती प्रचार, सन्देशमूलक अनेकौं सामाग्री वितरण गर्ने र सस्वर ती सामाग्रीहरूका आदर्शपूर्ण पंक्तिहरू वाचन गर्ने, भाषण दिने, प्रवचन गर्ने, नारा लगाउने गरेकै अवस्थामा पक्राउ परे । काशीबाबू र उनका सयौं अनुयायीहरूलाई २ वटा ट्रकमा कोचेर, पछार गर्दै हजारीवाग जेलमा पुऱ्याए । त्यहाँका जेलरले बन्दीहरूलाई ग वर्गको सीदा दिनेगरी वन्दी बनाए । राजनैतिक अभियन्तालाई क वर्गको सीदा दिने प्रचलनलाई ती जेलर मेजर जोन पिटर वेलले ठाउँ उल्लंघन गरेर अभद्र व्यवहार गरेका थिए । सरकारी दस्तुर बमोजिमको सीदा र सुविधा नदिएर कैदीवन्दीलाई यातना दिने सम्मको कार्य गरेका थिए । हजारीवाग जेलमा वन्दी बनाइएको बेला काशीबाबूले ७ दिनको अनसन गरेका थिए । क वर्गको सीदा उपलब्ध गराउनुपर्ने, दैनिक रूपमा कैदीवन्दीलाई प्रदान गर्ने गरिएको २ रूपैयाँमा दुई छाक खान नपुग्ने हुनाले दुई छाक खान पुग्ने र अखबारहरू किन्न पुग्ने गरी रकम बढाउनुपर्ने, कम्मल परेड (यातना) बन्द गर्नुपर्ने, देशी र विदेशी अखबारहरू पढ्न पाउनु पर्ने, शुद्ध खाने पानी र अन्य कार्यको लागि पर्याप्त पानीको व्यवस्था गर्नुपर्ने, वन्दीगृहलाई सफा-सुग्घर राख्नु पर्ने, औषधोपचारको लागि चिकित्सकलाई त्यही बोलाउनु पर्ने, दीर्घरोगी, अशक्त, बाल, बृद्ध मानिसहरूलाई विनाशर्त मुक्त गर्नु पर्ने, स्वयमपाच व्यक्तिलाई उपयुक्त ठहर हुने किसिमले व्यवस्थापनको जिम्मा लिनुपर्ने, जेलभित्र समुचित शैक्षिक गतिविधिमा नियन्त्रण गर्न नहुने जस्ता १४ वटा मागहरू राखेर काशीबाबूले हजारीवाग जेलमा सत्याग्रह अनशन गरेका थिए । सत्याग्रहको चौथो दिन उनी बेहोस भएका थिए । काशीबाबूको गान्धीको जस्तो जीर्ण शरीर, दुब्लो, पातलो, अग्लो शारिरीक बनावट थियो । अनशनले उनी निकै कमजोर भएका थिए । साथीभाईले अनशन तोड्न आग्रह पनि गरेका थिए । उनको वदलामा शितलप्रसादले म अनशन बस्छु तिमी सामान्य अवस्थामा आएपछि बसौला भनेर धेरै पटक अनुरोध पनि गरे । तर काशीबाबू मानेनन् । अंग्रेजबाट मुक्त भएपछि मात्र अनशन त्याग्छु भनेर निकै जिरह गरे ।

हजारीवाग जेल सुधार केन्द्र भन्दापनि वन्दीगृह र यातना गृह थियो । कम्मल पिठ्यूमा राखेर कोर्रा हान्ने गरिन्थ्यो । हलुङ्गो थालले नाङ्गो शरीरमा हिर्काउने गरिन्थ्यो । ज्यादै पीडादायक, हृदय विदारक, अमानुषिक र क्रुरतापूर्ण हुने गर्दथ्यो अंग्रेजहरूको व्यवहार । कतिपय निडर, बलिष्ट सत्याग्रहीहरू सामुहिक प्लेट परेड गर्दथे । प्लेट परेडमा वन्दीहरू चम्चामा कुनै कडा वस्तुले हलुङ्गो थाललाई ठटाएर बहिरा अंग्रेज पदाधिकारीहरूलाई सत्यतर्फ अग्रसर हुन आग्रह गर्दथे । हाम्रो देश हामी संचालन गर्दछौं । स्वतन्त्रता प्राण भन्दा प्यारो छ । स्वायत्तता ल्याउँछौं, ल्याउँछौं, अंग्रेज भारत छोड, प्रजातन्त्र हाम्रो नैसर्गिक अधिकार हो भनेर अनेक हाउभाउका साथ नारा लगाउथे । काशीबाबूले वन्दीगृहमा कैयौं चोटी सन्देशमुलक प्रवचन दिए, सारगर्भित भाषण दिए । अनशनरत रहदा उनले प्रक्षेपण, सम्प्रेषण गरेका सबैजसो विचारहरू स्वदेशप्रेम, राष्ट्रियता र स्वतन्त्रताका सवालमा अधिक केन्द्रित हुन्थे । संसारका देशमा प्रचलित शासन व्यवस्था र तिनीहरूका गुण-दोषहरू पगैलेर व्याख्यान गर्दथे । संसारमा स्वतन्त्रताका लागि भएका बाहुबली अभियानहरूको चर्चा गर्दथे । स्वतन्त्रता कसरी प्राप्त हुन्छ ? स्वायत्तता के हो ? प्रजातन्त्रमा जनताको अवस्था कस्तो हुन्छ ? उपनिवेश के हो ? साम्राज्यवाद कसरी धरासायी हुन्छ ? आदी प्रश्नहरूको सटीक उत्तर दिएर अभियान कर्मीहरूलाई सचेत तुल्याउथे । मानिसहरूको मनबाट भय, त्रास र कमजोरी पक्षलाई हटाएर पवित्रकाममा लाग्न लालायित तुल्याउथे ।

उनी वन्दी बनाइएको चौथो दिन हजारीवाग जेलमा नेहरू, गान्धी, राजेन्द्रप्रसाद, विश्वेश्वर प्रसाद कोइराला जस्ता प्रसिद्ध नेताहरूलाई पनि त्यही ल्याइएको थियो । राजेन्द्रप्रसाद र वी.पी. (विश्वेश्वर प्रसाद कोइराला) लाई सँगै एउटै हलमा राखिएको थियो । त्यहाँका जेलरले राजेन्द्रप्रसादलाई पंखाको जोगाउ गर्दा विपीलाई पनि पंखाको व्यवस्था गर्न भनेका थिए । यदि व्यवस्था गर्न सकिदैन भने यो पंखा पनि यहाबाट हटाइदेउ भनेर जेलरलाई उनेले भने । निकै कडा मिजास देखाएपछि विपीलाई पनि पंखाको व्यवस्था गरिएको थियो ।

काशीबाबूले विपीलाई कैयौं पटक भेटेका थिए । धेरै चोटी पारस्परिक छलफल भएको थियो । काशीबाबूको शुद्ध विचार, आचरण, प्रवृत्ति, स्वभाव र तर्कशक्तिलाई विपीले ठाउँ-ठाउँमा प्रशंशा पनि गरेका थिए । नेपालमा प्रजातन्त्र बहालीको सम्भावनाका सन्दर्भमा निकै चर्चा, परिचर्चा गरिएका थिए । हिंसा र प्रतिहिंसाका बारेमा खुलेर बहस पनि भएको थियो । सरकारी पक्षबाट आन्दोलनको स्वरूप बदलिने प्रसंग विपी पटक-पटक दोहोऱ्याउथे । काशीबाबू गान्धीको अहिंसाकारी आन्दोलनको शक्तिको चरमोवर्ष दर्शाउथे । भारतको मौजुदा परिवेश र नेपालको राणाशाही निरंकुशताका बारेमा थुप्रै पटक बहस भएको थियो । हजारीवाग जेलमा भारतका नेतागण र नेपालका प्रजातन्त्रवादी प्रसिद्ध नेता विपीलाई भेटेर विचारको आदानप्रदान गर्दा काशीबाबूले आफ्नो राजनैतिक चिन्तनलाई अरू विस्तार गर्ने, स्तरीकरण गर्ने र सबलीकरण गर्ने सुनौलो अवसर प्राप्त गरे ।

काशीबाबूले गान्धी, नेहरू, राजेन्द्रप्रसाद तथा विपीसँग हजारीवाग जेलमा तीन महिना सँगै विताएका थिए । यी तीन महिना उनको लागि सुनौला दिनहरू सावित भए । गान्धीको अनुयायी भएर भारतको प्रत्येक प्रान्तमा विचार प्रचार-प्रसार गरेको सन्दर्भ सार्वजनीकीकरण भयो । गान्धीसँग उनको सानिध्यता विस्तार भयो । गान्धीले आफ्नो स्वकीय सचिव भएर सहयात्री हुन काशीबाबूलाई प्रस्ताव समेत राखे । त्याग, इमान्दार, कर्तव्यप्रति सचेष्ट र राजनैतिक ज्ञानका प्रतिभूति देखेर गान्धी पनि काशीबाबूसँग अत्यधिक प्रभावित भएका थिए । राजेन्द्रप्रसाद एक सच्चरीत्रवान भद्र व्यक्ति थिए । उनको गुण सारै विशिष्ट किसिमको थियो । काशीबाबूले हजारीवाग जेलमा राजेन्द्रप्रसादसँग आत्मियता बढाए । उनको सदासयता ग्रहण गर्दथे । नेताहरूको बौद्धिकता, राजनैतिक सुझबुझ र प्रजातन्त्रप्रति उनको झुकावलाई राम्ररी बुझे । नेहरूले पनि काशीबाबूलाई समकालिन अध्ययनशील राजनीतिज्ञको रूपमा उनको परिचय प्राप्त गरे । नेहरूले भारतको भूमिमा समर्पणभावबाट काम गरेको कुटनैतिक छविलाई पनि नजिकबाट अध्ययन गर्न मौका मिल्यो । काशीबाबूलाई त्यहाँको जेलजीवन वास्तविक अर्थमा बौद्धिकता अभिवृद्धिको प्रमुख स्थान भएको थियो । यही जेल वन्दीको अवस्थामा काशीबाबूले नेहरूले जस्तै पुस्तक रचना गर्ने अठोट संगालेका थिए । जुन पछि गएर सार्थक पनि भयो । नेपाल की कहानी भन्ने पुस्तकको श्रृजनाको पृष्ठभूमि हजारीवाग जेलयात्राको परिणति थियो ।

विपीसँग अत्यधिक निकटता बढेको थियो । हजारीवाग जेलमा अनशन बसेर केही मागहरू पूरा गराउन जेल प्रशासन अर्थात अंग्रेजहरूलाई उनले गलाएका थिए । यो अभियानले सम्पूर्ण भारतमा जेलवन्दी भएका राजनैतिक वन्दीलाई क वर्गको सीदा दिने माग पूरा गरिएको थियो । काशीबाबू राजनैतिक कर्मीहरूका लागि प्रेरणाका श्रोत भएका थिए । नेपाली समुदायमा उनको लोकप्रियता अझ बढेको थियो । हरेक दृष्टिबाट आफ्नो बौद्धिक स्तरलाई फराकिलो, चम्किलो, उज्यालो बनाउन हजारीवाग जेलजीवन एउटा महत्वपूर्ण माध्यम बन्न पुगेको थियो । काशीबाबूले हजारीवागको वन्दी जीवनलाई राजनैतिक अभियानको अभूतपूर्ण घटना मानेर धेरैठाउँमा त्यसको जिकीर गरेको पाइन्छ ।

*क्रमश:...*

## संक्षिप्त समाचार

### ट्राफिक सचेतना

कपिलवस्तु । जिल्लामा कपिलवस्तु जेसिजद्वारा सञ्चालित जेसिज सप्ताह २०१७ अन्तर्गत आयोजित ट्राफिक सचेतना कार्यक्रम शुरू भएको छ । उक्त कपिलबस्तु जेसिज सप्ताह बिहान ९ बजे कपिलबस्तु जिल्ला बाणगंगा नगरपालिकाको जितपुर ४ नं. चोकमा ट्राफिक सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

### २७ जुवाडेसहित ९ लाख बरामद

रूपन्देही । ईलाका प्रहरी कार्यालय बुटवलले तिहारको समयमा जुवा खेलिरहेका २६ जनासहित साढे ९ लाखसहित पक्राउ परेका छन् । रूपन्देही तिलोत्तमा नगरपालिका वडा नं.५ स्थित मणिग्रामका मनिष अधिकारीको घरमा जुवा कौडा खेलिरहेको अवस्थामा फेला पारि खानतलासी गर्दा नगद रू.९ लाख ४६ हजार १ सय ९५ रूपैंया र कौडा १६ थान तथा तास समेत बरामद गरिएको इलाका प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक पवनकुमार भट्टराइले बताए ।

### कुटपिटबाट युवकको मृत्यु

कपिलवस्तु । बिजयनगर गाउँपालिका- ३ कडियार बस्ने ३२ बर्षीय राजकुमार कोरीको कुटपिटबाट मृत्यु भएको छ । सोही ठाउँ बस्ने २४ बर्षीय छोटु भन्ने जित बहादुर कोरी र राजकुमार कोरी बिच गएराति मादक पदार्थ सेवन गरी झगडा हुदाँ जित बहादुर कोरीले राजकुमार कोरीलाई लाठि प्रहार गरी कुटपिट गर्दा मृत्यु भएको बताइएको छ । फरार जितबहादुर कोरीको खोजतलास गर्नुको साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### मोटरसाइकलको ठक्करबाट महिलाको मृत्यु

मोरङ । मोटरसाइकलको ठक्करबाट एक महिलाको मृत्यु भएको छ । बेलबारी नगरपालिका-११ मा साइकलमा सवार को १२ प ३२८ नम्बरको मोटरसाइकलको ठक्करबाट ४२ वर्षीया अन्जिला श्रेष्ठको मृत्यु भएको हो । मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते श्रेष्ठको विराट टिचिङ हस्पिटल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा मोटरसाइकल चालक बेलवारी-१० का २२ वर्षीय युवराज शाह घाइते भएका छन् ।

### सिमेन्ट उद्योगमा काम गर्ने कामदारको मृत्यु

बाँके । एक सिमेन्ट उद्योगमा काम गर्ने कामदारको मृत्यु भएको छ । जिल्लाको जानकी गाउँपालिकाको गनापुरस्थित बागेश्वरी सिमेन्ट उद्योगमा कार्यरत नवलपरासीको परासी नगरपालिका-९ का २५ वर्षीय सन्दीप जुवालको मृत्यु भएको हो । उद्योगमा मेसिन जडान गर्ने क्रममा माथिल्लो तलाबाट मेसिन खस्दा मृत्यु भएको प्रहरीले जनाएको छ । मेसिनमाथिबाट खस्दा गम्भीर घाइते जुवालको कोहलपुर मेडिकल कलेजमा उपचारका क्रममा शनिबारराति मृत्यु भएको हो ।

### ११ जना जुवाडे पक्राउ

मोरङ । बिराटनगर महानगरपालिका-६ रामपुर बस्ने रतन चौधरीको घरमा जुवातास खेलिरहेका सोही ठाउँ बस्ने ३२ वर्षीय सन्तोष मण्डल सहित ११ जनालाई प्रहरी शनिबार नेपाली रूपैयाँ १९ हजार ७ सय ३०, भारतीय रूपैयाँ ६ सय २० र १ बुक तास सहित पक्राउ गरेको छ । यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### डुबेर मृत्यु

धनुषा । कमला नगरपालिका-५ लकड बस्ने हिरा यादवको २ वर्षीय छोरा बिमल यादव घरबाट हराएकोले खोजी गर्ने क्रममा घरदेखि करीब ५० मिटर पश्चिममा रहेको सार्वजनिक पोखरीमा डुबेर मृत भएको अवस्थामा शनिबार फेला परेको छ ।

### गाडीको ठक्करबाट युवकको मृत्यु

रौतहट । जिल्लाको जयनगरस्थित वीरेन्द्र राजमार्गमा सरकारी गाड़ीको ठोक्करवाट एक युवकको मृत्यु भएको छ । गौरबाट चन्द्रनिगाहपुर जाँदै गरेको जिल्ला कृषि विकास कार्यालय रौतहटको बा १ झ ५३९३ नम्बरको जीपको ठक्करबाट ना १ प ९५१८ नम्बरको मोटरसाइकल चालक स्थानीय गरूडा नगरपालिका वार्ड नम्बर १ जयनगर निवासी १६ वर्षीय शेख ताज महमदको मृत्यु भएको इलाका प्रहरी कार्यालय गरूडाले जनाएको छ ।

### आगलागीबाट डेढ लाखको क्षति

धनुषा । जनकपुर उपमहानगरपालिका-२ कुवा बस्ने हेमु तत्माको खपडाले छाएको फुसको गोठमा शनिबार बालेको घुरबाट आगलागी हुँदा करीब १ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल क्षति भएको छ । स्थानियबासी तथा दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### हतियार र गोलीसहित पक्राउ

रौतहट । राजपुर नगरपालिका-४ बस्ने २७ बर्षीय कासिफ कमरलाई प्रहरीले एयरगन १ थान र सोको गोली ८५ राउण्ड सहित पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय कोप्वापिपरियाबाट गस्तीमा खटिएको प्रहरी टोलीले आइतबार परोहा नगरपालिका-६ स्थित बसन्तपट्टी भेडियाही सडक खण्डमा बा.७३ प.९६५६ नम्बरको मोटरसाइकलमा सवार कमरलाई चेकजाँच गर्दा उक्त हतियार र गोली बरामद भएको थियो ।

### वृद्ध मृत फेला

कपिलवस्तु । विजयनगर गाउँपालिका-६ बस्ने ७० बर्षीय चैतु कहार आइतबार सोही ठाँउको नालीमा मृत अबस्थामा फेला परेका छन् ।

कसैले पनि जातीय भेदभाव तथा छुवाछुत गर्न वा गराउन हुँदैन, यदि गरेमा जातीय भेदभाव ऐन बमोजिम सजाय हुनेछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# महिला सहभागिता तथा समानता विषयक गोष्ठी



वीरगन्ज । स्थानीय स्तरमा महिला सहभागिता तथा समानता विषय कार्यशाला गोष्ठी जिल्ला उचाङ्गल रामदेव कलवार उच्च मावि पोखरीयामा समपन्न भएको छ ।

वीरगंज महिला जागरण समाज पर्सा, दलित महिला संघ पर्सा, राष्ट्रिय ग्रामिण विकास केन्द्र बाराको संयुक्त आयोजना र विकास नेपाल पर्साको सहयोगमा समपन्न कार्यक्रममा पोखरीया नगरपालिकाको दश वटै वडाका निर्वाचित जनप्रतिनिधि, महिला सदस्यहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि पोखरीया नगरपालिकाका मेयर दिपनारायण प्रसाद रौनियारले एकको प्रयासले मात्र कुनै पनि कार्य गर्न असम्भव हुने भएकाले हरेक तह र तप्काको सहयोग लिएर मात्र स्थानीय स्तर देखि नै समान हक अधिकार प्राप्त गर्न सक्नमा जोड दिएका थिए । उनले महिलाहरूलाई सर्वप्रथम शिक्षा त्यसपछी आफ्नो हक अधिकार र कर्त्तव्यको बारेमा बुझाउनु नै पहिलो समानताको खुड्किलो पार गर्ने माध्यम भएको बताएका थिए ।

यसैगरी कार्यक्रममा उपमेयर सल्मा खातुनले हामी सबै मिली पोखरीया नगरपालिकालाई नमूना नगरपालिका बनाउनको लागि एक जुट भई स्थानीय स्तरको समस्या पहिचान गरी स्थानीय स्तरमै समाधान गर्नमा लागी परेको बताएकी थिइन् ।

कार्यक्रमबाट स्थानीय स्तरको काम कर्तव्य र अधिकारको बारेमा जानकारी पाएको वडा सदस्य मैनागा देवी पटेलले बताइन् । उनले भनिन्, हामीले स्थानीय स्तरको समस्या पहिचान गर्नको लगि हामी आफैं जानकार हुन पर्दो रहेछ । यहाँ अशिक्षा, बाल विवाह, दाईजो प्रथा, गरीबी, जस्ता थुप्रै समस्याहरू छन् । यस्ता कुरीतिहरूलाई हामीले हाम्रो रीतिरीवाज भनी बढावा दिदै आएका छौं । जब सम्म यस्ता कुरीतिहरू हटाउने प्रयास गर्दैनौ तब सम्म हामी कहिल्यै अगाडी बढ्न नसक्ने अर्की सदस्य पतासी खातुनले बताइन् । कार्यक्रमको प्रशिक्षण अधिवक्ता विरेन्द्र यादवले दिएका थिए ।

कार्यक्रममा कार्यकारी अधिकृत नथु साह, विकास नेपालका सदस्य सचिव शिवनाथ प्रसाद यादव, समसुल हवारी, वीरगंज महिला जागरण समाज पर्सा कि अध्यक्ष कबिता खड्का, कोषाध्यक्ष शोभा धमला, राष्ट्रिय ग्रामिण विकास केन्द्र बाराका अध्यक्ष मुकेश पण्डित लगायतको उपस्थिती रहेको थियो ।

कार्यक्रमको सहजिकरण सपोर्ट नेपालका जिल्ला संयोजक साबिर अहम्मद एराजले गरेका थिए । कार्यक्रम दलित महिला संघ पर्सा की अध्यक्ष निला रामको अध्यक्षतामा समपन्न भएको थियो ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



## विश्व परिवेश

# कुनै शासकले आई.एस.आई.लाई नियन्त्रण गर्न सक्छ ?

-मंजुर अहमद

पाकिस्तानका नयाँ र अन्तरिम सरकारका प्रधानमन्त्री अब्बासीले हालै एक देखि चार जना बढी सिभिलिएन डाइरेक्टर जनरलहरूलाई आई.एस.आई.को निर्देशनालयमा थप्ने प्रस्तावित योजनाको घोषणा गरेका छन् । उनले आई.एस.आई. प्रधानमन्त्रीको मातहतमा काम गरी सकेको हुनाले प्रधानमन्त्रीलाई त्यस्तो निर्णय गर्ने अधिकार रहेको प्रतिक्रिया समेत व्यक्त गरेका छन् तर विगतको घटनालाई हेर्दा यो पनि ख्याल गर्नु जरूरी छ सिभिलियनको नियन्त्रणमा बस्ने स्वीकार गरे पनि त्यसको केही दिन पछि नै सरकारको कामकारवाई विरूद्ध प्रतिशोधात्मक कारवाई समेत गरेको थियो । चुनौतिको कुरो यो पनि छ कि आई.एस.आई. को निमार्ण एक सैनिक संगठनको रूपमा निरन्तर रहि रहने गरी गरिएको थियो तर सबभन्दा पहिला यो सोच्नु जरूरी छ वर्तमान त्यस प्रयासका पछाडी के रहस्य रहेको छ त ? यो स्पष्ट देखिन्छ कि अदालतबाट पदच्युत हुनु भन्दा पहिला नै पूर्ण प्रधानमन्त्री नवाज शरीफले त्यस्तो पहल गर्ने योजना अवस्य नै बनाएका थिए होलान् ? सन् २०११ मा पाकिस्तान मुस्लिम लीगका प्रमुख नवाज शरीफले सशस्त्र बल र आई.एस.आई. दुबै निकायलाई नागरिक सरकारको नियन्त्रणमा राख्नु पर्ने माग गरेका थिए र त्यसको पुष्टि स्वरूप उनले संसदलाई नै ती दुबै संगठनहरूको बजेट स्वीकृत गर्ने र हेर्ने पूर्ण अधिकार दिनु पर्ने तर्क पेश गरेका थिए ।

आई.एस.आई. लाई सन् २००८ देखि नै नागरिक सरकारको नियन्त्रणमा राख्ने प्रयास हुँदै आएको छ र त्यसै क्रममा २००८ मा पाकिस्तान पिपुल्स पार्टीको सरकारले पाकिस्तानको आन्तरिक मामिला मन्त्रालयलाई गुप्तचर निकाय र आई.एस.आई. लाई आफ्नो मातहतमा राख्ने सूचना दिएको थियो तर सेनाले त्यस प्रस्ताव विरूद्ध असन्तोष व्यक्त गरेपछि २४ घण्टा भित्रै त्यो फिर्ता लिनु परेको थियो । सन् २०१३ मा मानव अधिकार सम्बन्धी सिनेटको स्थायी समितिको सिनेटर फरहबुल्साह बाबरको संयोजकत्वमा गठित तीन सदस्यीय



समितिले समेत सुरक्षा निकायहरूलाई त्यस्तो अधिकार दिनु पर्ने प्रस्ताव साधको सुझाव पेश गरे पनि दुर्भाग्यले तत्कालीन पाकिस्तान पिपुल्स पार्टीको कानून मन्त्री फारूक एच ननयकको संयोजकत्वमा गठित विशेष समितिले त्यसको स्वीकृति नदिएपछि त्यो विद्येयक तुरून्तै फिर्ता लिनु परेको थियो ।

पाकिस्तानले आतंकवादी संगठनहरूलाई सघाउँदै आएको सम्बन्धमा पाकिस्तान माथि अमेरिकाले दबाब दिँदै आएको छ र हालै अमेरीकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अफगानिस्तान सम्बन्धमा जुन वक्तव्य दिएका छन्, त्यसले स्थिति झन् नराम्रो बन्न पुगेको छ ।

अमेरिकाले त १९८० को दशकमा मुजाहिद्दीन आतंकवादी संगठनले अफगानिस्तानमा सोवियतसँग युद्ध गर्दा सोही बखत सि.आई.ए. र आई.एस.आई. लाई उसका अधिकांश रहस्यहरू स्पष्ट पार्न निमित्त दबाब दिने प्रयास गर्दै आएको फलस्वरूप आई.एस.आई.मा २००६-२००७ मा आई.एस.आई.को आतंककारी संगठनहरू तथा कार्यकर्ताहरूलाई प्रत्यक्ष रूपमा संचालन गर्ने 'एस-विग' लाई निष्प्रभावी पार्न आई.एस.आई.मा 'टि-विंग' को स्थापना गरिएको थियो, जसको काम पश्चिमलाई आई.एस.आई. को गतिविधिहरू सम्बन्धमा जानकारी गराउने कुरो प्रतिवेदन मार्फत सार्वजनिक गरिएको थियो । २००५ को प्रारम्भमा जनरल परवेज मुशर्रफले पहिलो पटक ग्रेड १ को एक नागरिक अधिकारीलाई आई.एस.आई. को डि.जी. को पदस्थापना गर्ने स्वीकृति दिएका थिए र त्यस निकायले अमेरीकाको सि.आई.ए. र पाकिस्तान सरकारबीच मध्यस्थता गर्ने काम गरेको थियो । वास्तवमा भन्ने हो भने त्यसले आई.एस.आई. माथि कुनै प्रभाव पारेको छैन र यस्तो लाग्छ कि यदि वर्तमान सरकारले हाल आई.एस.आई. मा रहेका सेफ्टिनेन्ट जनरल स्तरको सबै डाइरेक्टर जेनरलहरू भन्दा माथिल्लो स्तरको मेजर जनरल स्तरका नागरिक तर्फका डाइरेक्टर जनरलहरूको संख्या थपेर त्यो कार्य गरेमा त्यो कुनै ठूलो कार्य हुने छैन । प्रधानमन्त्री अब्बासीद्वारा प्रस्तावित वर्तमान प्रस्ताव समेत त्यसैसँग मिल्दो-जुल्दो प्रकृति अनुरूपको रहेको छ ।

'द फ्राईडे टाइम्स' का सम्पादक ननम सेठीले सन् २०१२ मा पाकिस्तान सरकारमा आई.एस.आई.को स्थान सम्बन्धमा सही टिप्पणी यस शब्दमा गरेका थिए - ''पाकिस्तानको प्रारम्भिक स्वतन्त्रताको दशकदेखि नै आई.एस.आई. सेनाका गुप्तचर निर्देशनालयको एक अदृश्य सर्वव्यापी शक्तिको रूपमा ''राज्यभित्रको एक प्रभावशाली राज्यको रूपमा'' रहँदै आई हाल सैनिक रणनीति र नागरिक नीति दुबैलाई नियन्त्रण गर्दै आएकोछ ।'' यसले सही अर्थमा आई.एस.आई. लाई किन नागरिक सरकारको नियन्त्रणमा राख्नु पर्छ ? भारतले थुप्रै दशकदेखि त्यस मुद्दालाई उठाऊँदै आएको छ भने अहिले पश्चिमी देशहरूका राजधानीहरू समेतले त्यस मुद्दालाई उचाल्नुको मुख्य कारण त्यसै ठाउँबाट विश्वभरीमा जिहादी संगठनहरू संचालित गरिँदै आएका छन् ? यो दुर्भाग्यकै कुरा हो कि पश्चिमसँगै रूस र चीन समेत अफगानिस्तानले गर्दा पूर्णरूपमा आई.एस.आई. माथि निर्भर रहनु परेको छ ? अमेरिकाले अफगानिस्तानमा आफ्नो संजाल विस्तार गर्नमा अलिकति सफलता प्राप्त गर्न प्रयास गरी सकेकोछ तर वास्तविक चुनौति त पाकिस्तानको सहयोग बिना नै अफगानिस्तामा काम गर्नु रहेकोछ ?

मुख्य केन्द्र विन्दुतिर ध्यान दिईने हो भने आई.एस.आई. लाई नागरिक सरकारको नियन्त्रणमा राख्ने प्रयास तब मात्र प्रभावकारी हुन सक्छ जब त्यस निर्देशनालय पाकिस्तानी सेनाको ज्वाइन्ट चीफ्स अफ स्टाफको अध्यक्षको मातहतमा राखेर त्यसलाई सैनिक गुप्तचर सम्बन्धी कार्य मात्र गर्न निमित्त लगाईनेछ । आई.एस.आई. को राजनीतिक निकायले विगतमा पिटी.आई. प्रमुख इमशन खानलाई इस्लामावादसम्मको लामो दौडमा राजनीतिक गतिविधिको सक्षमता प्रदर्शन गरेको कारण नै आई.एस.आई. को राजनीतिक संकायलाई बन्द गर्नु परेको थियो । अर्को चुनौतिको कुरो, आई.एस.आई. को जमात-उद-दावा र लश्कर-ए-तैयबा जस्ता जिहादी संगठनहरूसँगको अन्योलश्रित साँठगाँठलाई समाप्त पार्नु पर्दछ । वास्तवमा भन्ने हो भने यो स्वीकार गर्नु पर्दछ कि सम्प्रति आई.एस.आई. ले पाकिस्तानमा नयाँ राजनीतिक दैत्यको निर्माण गर्दै आएकोछ ? जसको साक्ष्यका रूपमा राजनीतिमा धार्मिक अधिकारको स्वरूप २०१८ को निर्वाचनमा हेर्न सकिनेछ ? पाकिस्तानमा जिहादी चलखेलको मुटु र केन्द्रविन्दु आई.एस.आई. नै हो भन्ने सन्देश पश्चिमी देशहरू लगायत भारतका तर्फबाट समेत सम्प्रेषित गर्नु पर्दछ । पाकिस्तान एक दोषी राष्ट्रका रूपमा प्रख्यात हुनुको कारण आई.एस.आई. द्वारा विश्वभरमा आतंकवाद संचालन गर्नु नै रहेकोले त्यसलाई पूर्णरूपमा समाप्त पार्नु पर्दछ । यस वर्ष अमेरिकाको भ्रमणका क्रममा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग त्यस क्रममा देखाउनु भएको चासोलाई प्रमाणको रूपमा लिन सकिन्छ । भारतको त्यस कूटनीतिक रणनीतिलाई मुख्य मुद्दाका रूपमा निरन्तर प्रवाहित गर्ने प्रयासमा सबैले सघाएका शायद त्यस क्रमिक परिवर्तनले पाकिस्तानमा अघि बढ्ने निरन्तरता पाई पाकिस्तानले आई.एस.आई. ले सैनिक नियन्त्रण बाहिर राख्नमा सफलता प्राप्त गर्न सक्नेछ । जबसम्म त्यसले मूर्त्तता पाउँदैन तबसम्म अरूले मात्र प्रतिक्षा गर्दै पाकिस्तानमा अबघटित हुने घटनाक्रमहरूलाई हेर्नु पर्ने स्थिति नै विद्यमान रहनेछ ।

# पूर्वराजा ज्ञानेन्द्र शाहको वक्तव्यको स्वागत

काठमाडौं । गत शनिबार पूर्वराजा ज्ञानेन्द्र शाहले दिएको अभिव्यक्तिको २१ दलीय राष्ट्रिय जनविद्रोह समितिले स्वागत गरेको छ । समितिले सोमबार मधेश मिडिया हाउसमा पत्रकार सम्मेलन आयोजना गरी पूर्वराजा शाहले दिएको वक्तव्यको स्वागतार्थ घर-घरमा दिपावली गर्नसमेत आग्रह गरेको हो ।

पूर्वराजा शाहले शनिबार मुलुकको वर्तमान अवस्थाप्रति चिन्ता व्यक्त गर्दै जनताले चाहे आफूले नेतृत्व लिन तयार रहेको आशयसहितको वक्तव्य दिएका थिए । सो वक्तव्यलाई २१ दलीय राष्ट्रिय जनविद्रोह समितिले स्वागत गरेको हो । वक्तव्यलाई राजसंस्थासहितको वैदिक सनातन हिन्दू अधिराज्य नेपाल स्थापनार्थ २१ दलीय राष्ट्रिय जनविद्रोह समितिले स्वागत गरेको विज्ञप्तिमा उल्लेख छ ।

'श्री ५ बाट बक्सेको समय सापेक्ष सारगर्भित वक्तव्य स्वाधिन नेपाल र नेपालीको हितमा आएको ठहर गर्दै




राजसंस्था सहितको वैदिक सनातन हिन्दू अधिराज्य नेपाल स्थापनार्थ २१ दलीय राष्ट्रिय जनविद्रोह समितिले शीघ्र गर्ने राष्ट्रिय जनविद्रोहमा सरिक भई राष्ट्र र धर्म बचाउन आम देशभक्त नेपाली दाजुभाई दिदीबहिनीहरूमा हार्दिक अनुरोधका साथ आह्वान गर्दछौं ।' पत्रकार सम्मेलनमा समितिका संयोजक विष्णु कुमार प्रसाईद्वारा हस्ताक्षरित जारी गरिएको विज्ञप्तिमा उल्लेख छ ।

यसैगरी, विश्व हिन्दू महासंघले पनि सोमबार एक प्रेस विज्ञप्ति जारी गरी पूर्वराजा ज्ञानेन्द्र शाहको वक्तव्यको स्वागत गरेको छ । जारी विज्ञप्तिमा अभिव्यक्ति सान्दर्भिक, राजनीतिक स्थिति अनुकूल तथा स्वागतयोग्य भएको महासंघले ठहर गरेको छ ।

**राष्ट्रिय जनविद्रोह गर्ने चेतावनी**

वैधानिक राजसंस्थासहितको अखण्ड वैदिक सनातन हिन्दू अधिराज्य स्थापनार्थ निर्वाचन बहिष्कार जनविद्रोह समितिले आन्दोलन गर्ने चेतावनी दिएको छ । राष्ट्रिय जनविद्रोह समितिले असोज ३० गते मधेश मिडिया हाउसमा पत्रकार सम्मेलन आयोजना गरी संवैधानिक राजसंस्थासहितको हिन्दू अधिराज्य स्थापनाका लागि कार्तिक महिनादेखि जनविद्रोह गर्ने चेतावनी दिएको हो । पत्रकार सम्मेलनमा राजावादी नेता किशोरी महतोले राजा र हिन्दूको मुद्दा कुनै पनि हालतमा नछोड्ने बताएका छन् । उनले विभिन्न शक्तिहरू एक भइरहेको बेला हिन्दू र राजावादी शक्तिहरू पनि एक हुनुपर्ने धारणा राखेका थिए । नेपालको संविधानलाई जनविरोधी संविधानको संज्ञा दिँदै निर्वाचन बहिष्कार गरेको घोषणा पत्रकार सम्मेलन जारी विज्ञप्तिमा उल्लेख छ । केही दिनमै आन्दोलनका कार्यक्रमहरू सार्वजनिक गर्ने विज्ञप्तिमा भनिएको छ ।

## भारतमा नेपाली स्रष्टा सम्मानित

काठमाडौं । भारतको नयाँदिल्लीमा नेपालका चार साहित्यकारलाई सम्मान गरिएको छ । पुरवइया र डिफेन्डर अफफ्रिडमले 'एक शाम: नेपाल और भारतके साहित्यकारों के नाम' नाम दिइएका उक्त समारोहमा नेपाली तथा भोजपुरी साहित्यमा योगदान पुऱ्याएबापत साहित्यकार गोपाल अश्कलाई 'भोजपुरी रत्न सम्मान' रामप्रसाद पन्तलाई र कवि विप्लव ढकालललाई ' साहित्य सौरभ र कवि विप्लव ढकाललाई साहित्य सौरभ सम्मान तथा श्रीओम क्षेष्ठ रोदनलाई साहित्यिक पत्रकारिता सौरभ सम्मान प्रदान गरिएको छ । वरिष्ठ भारतीय साहित्यकार शिवजी सिंहको अध्यक्षतामा भएको कार्यक्रममा कवि तेजप्रताप नारायण लगायतले सिर्जना पाठ गर्नुभएको थियो । कार्यक्रमका संयोजक सन्तोष पटेलले भारतीय साहित्य र साकित्यकार गोपाल अश्कले नेपाली तथा भोजपुरी साहित्यका बारेमा प्रकाश पार्नुभएको थियो ।

## रोल्पा-दिल्ली बस सेवा शुरू

रोल्पा । रोल्पा सदरमुकाम लिवाङबाट भारतको नयाँ दिल्लीका लागि सिधा बस सेवा शुरू भएको छ । यातायात प्रदायक संस्था रोल्पा यातायात प्रालिले सो सेवा शुरू गरेको हो । सेवा शुरू भएसँगै भारत जाने रोल्पालीलाई निकै सुविधा हुने भएको छ । हरेक हप्ताको बुधबार रोल्पा लिवाङ, प्यूठान, भालुवाङ, नेपालगञ्ज हुँदै भारतको नयाँ दिल्लीका लागि बस सेवा शुरू गरिएको छ । यसैगरी हरेक हप्ताको शुक्रबार दिल्लीबाट रोल्पा लिवाङका लागि बस छुट्ने व्यवस्था गरेको रोल्पा यातायात प्रालिले जानकारी दिएको छ । डिलक्स सेवाको आरामदायी बस रहेकाले यात्रा सुरक्षित र भरपर्दो हुने प्रालिले बताएको छ । यसअघि सो प्रालिले काठमाडौं, नेपालगञ्ज र दाङजस्ता शहरमा दिवा र रात्रि बस सेवा शुरू गरेको थियो । प्रालिले जिल्लामै पहिलोपटक अनलाइन टिकट प्रणालीको समेत शुरूवात गरेको बताएको छ ।

## मलेठ घटनाका शहीद परिवारलाई सहयोग

सप्तरी । सप्तरीको मलेठ घटनामा शहीद भएका आनन्द साहका परिवारलाई अमेरिकामा रहेका मधेशी समाजको संस्था 'डिएफडब्ल्यु'ले मंगलबार आर्थिक सहयोग प्रदान गरेको छ । मधेशी इञ्जिनियर्स स्टुडेन्ट यूनियन (मेसु) को समन्वयमा मलेठ घटनाका शहीद परिवार सप्तरीको कृष्णसवरण गाउँपालिका निवासी स्व. आनन्द साहकी पत्नीलाई रू. २५ हजार आर्थिक सहयोग उपलब्ध गराइएको हो । गतसाता सोही संस्थाले मलेठ घटनाका अन्य शहीद सञ्जन मेहता, पीताम्बर मण्डल, इनर यादव, वीरेन्द्र मेहताका परिवारजनलाई रू. २५ हजारका दरले आर्थिक सहयोग गरेको थियो ।

## भारतीय कम्पनीको डीपीआर किन्ने निर्णय

काठमाडौं । सरकारले काठमाडौं-निजगढ द्रुतमार्ग निर्माणका लागि भारतीय कम्पनीले तयार पारेको विस्तृत प्रतिवेदन अध्ययन (डीपीआर) किन्ने भएको छ । मन्त्रिपरिषद्को बैठकले डीपीआर अध्ययन गरी मूल्य सिफारिस गर्ने जिम्मा निर्देशक समितिलाई भनेको छ । भारतीय कम्पनी इन्फ्रास्ट्रक्चर लिजिङ एण्ड फाइनान्सियल सर्भिसेस ( आईएल एण्ड एफएस)ले डीपीआर बनाएको छ । सुरूमा द्रुतमार्गलाई बुट प्रणालीमा निर्माण गर्ने गरी यो कम्पनीलाई डीपीआर तयार गर्न दिएको थियो । तर, प्रचण्ड सरकारले द्रुतमार्ग निर्माणको जिम्मा नेपाली सेनालाई दिने निर्णय गऱ्यो । भारतीय कम्पनीले भने आफूले बनाएको डीपीआर किन्नु पर्ने शर्त राख्यो । सेनाले प्रारम्भीक अध्ययन गरेपछि अब डीपीआर अध्ययनका लागि प्रक्रिया सुरू भएको छ ।

## कोलकातामा नेपाल भवन निर्माण हुने

काठमाडौं । छिमेकी मित्रराष्ट्र भारतको कोलकातामा नेपाल भवन निर्माण हुने भएको छ । कोलकातामा रहेका नेपालीहरूको संस्था भारत-नेपाल जनमैत्री सांस्कृतिक मञ्च कोलकाताबाट स्थापित संयुक्त नेपाली वेलफेयर ट्रस्टको पहलकदमीमा नेपाल भवन निर्माण हुने भएको छ । कोलकातामा नेपाल भवनको अत्यन्त आवश्यकता रहेकाले त्यसका लागि दूतावासका तर्फबाट आवश्यक सहयोग पनि दिइने भएको छ । लक्ष्मीपूजाका दिन आयोजित देउसीभैलो कार्यक्रममा ट्रष्टका सहसंयोजक नारायणप्रसाद होमागाईंले नेपालीहरू विदेशमा रहेर पनि आफ्नो परम्परा र संस्कृतिको रक्षा गर्दै नेपाली समुदायबीच आफ्नो पहिचानको मूल्यबोध जगाउने र अन्य समुदायबीच पनि त्यसको प्रचारप्रसार गरिरहेको बताए ।

## पूर्वराज्यमन्त्री मुस्ताक आलम एमाले प्रवेश

काठमाडौं । पूर्वराज्यमन्त्री तथा नेपाल लोकतान्त्रिक फोरमका प्रत्यक्ष निर्वाचित सांसदसमेत रहेका मुस्ताक आलम नेकपा एमालेमा प्रवेश गरेका छन् । नेपाल लोकतान्त्रिक फोरम कांग्रेसमा विलीन भइसकेपछि उनी असन्तुष्ट भएका छन् । उनले लोकतान्त्रिक फोरमलाई अध्यक्ष विजयकुमार गच्छदारले कांग्रेसमा मिसाएपछि आफू एमालेमा प्रवेश गरेको प्रतिक्रिया दिएका छन् । उनलाई एमाले अध्यक्ष केपी शर्मा ओली र उपाध्यक्ष वामदेव गौतमले स्वागत गरेका छन् ।

## मधेश अपडेट

### नेपालमा बिग्रेका कम्युनिष्टहरू छन् : यादव

विराटनगर । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपालमा रहेका कम्युनिष्ट पार्टीहरूको चरित्र नै कम्युनिष्ट नभएको बताएका छन् । उनले एमाले र माओवादी पार्टीहरू कम्युनिष्ट नभएर 'कमाउनिष्ट' भएको जिकिर गरे । सञ्चारकर्मीसँग कुराकानी गर्दै अध्यक्ष यादवले एमाले र माओवादीप्रति लक्षित गर्दै भने, 'यिनीहरू त सब बिग्रेका कम्युनिष्टहरू हुन् । यिनीहरू कम्युनिष्ट नै होइन ।' 'यिनीहरू सबै कमाउनिस्टहरू हुन् । कमिसनतन्त्र, लुटतन्त्र, भ्रष्टतन्त्र र माफियाहरूले चलाएका दलहरू न हुन् ।' यादवले भने ।

### लोकतान्त्रिकका नेता कार्यकर्ताहरू फोरममा

जनकपुरधाम । विजयकुमार गच्छदार नेतृत्वको नेपाल लोकतान्त्रिक फोरम नेपाली कांग्रेसमा विलीन भइसकेको अवस्थामा प्रदेश नं. २ का लोकतान्त्रिक फोरमका नेता कार्यकर्ताहरू उपेन्द्र यादवको पार्टीमा प्रवेश गरेका छन् । मधेशी पार्टीको नामबाट मधेशी जनतालाई पूर्ण अधिकारबाट बन्चित गरेको, आरोप लगाउँदै संघीय समाजवादी फोरममा प्रवेश गरेका एक नेताले बताए । विजय गच्छदार इतिहासकै कलंकित नेता भएको भन्दै आउँदो चुनावमा मधेशी फोरम नेपालमा मात्र मतदान गर्न मधेशी तथा उत्पीडनमा परेका हरेक जनसमुदायसँग अनुरोध गरेका छन् । लोकतान्त्रिक फोरम धनुषाले सामाजिक सञ्जालमार्फत् 'प्रदेश नम्बर २ को लोकतान्त्रिक फोरमका सम्पूर्ण नेता कार्यकर्ता आजदेखि संघीय समाजवादी फोरममा प्रवेश गर्‍यो ।'

### छठ पर्वको सामग्री प्रदान

वीरगन्ज । मधेश आन्दोलनका क्रममा शहादत प्राप्त गरेका शहीद परिवार र सख्त घाइते भएका परिवारलाई राष्ट्रिय जनता पार्टी नेपालका नेताहरूले छठ पर्वको सामग्रीहरू प्रदान गरेका छन् । "शहीद परिवार हाम्रो समाजको गहना हो, सबै सम्मान र सहयोग गरौं' भन्ने उद्देश्यका साथ राजपा नेपालका नेताहरू तथा सामाजिक अभियन्ताले सहयोग प्रदान गरेका छन् । मधेश आन्दोलनका शहीदहरू दीनानाथ साह गोड, जयप्रकाश साह, दीलिप चौरसिया, धर्मराज सिंह र सोहन कलवार र शख्त घाइते भएका मुनसी पटेलका परिवारलाई घरमै पुगी छठ पुजा सामग्री र साडी वितरण गरिएको छ । यसैगरी, राजपाका नेताहरूले वीरगन्जमा शहीदहरूको नाममा बाटोको नामाकरणसमेत गरिसकेको छ । राजपाका वीरगन्ज महानगर समितिका अध्यक्ष ओमप्रकाश सर्राफ, केन्द्रीय सदस्यद्वय रम्भा मिश्रा र उषा श्रीवास्तव र सामाजिक अभियन्ता प्रकाश थारूले शहीद र घाइते परिवारका लागि छठ पुजा सामग्री उपलब्ध गराएका थिए ।

### छठ पुजाको उपलक्ष्यमा रक्तदान

वीरगंज । वीरगंजमा बृहत रक्तदान कार्यक्रम सम्पन्न भएको छ । छठ पुजाको उपलक्षमा सोमबार घडिआर्वा स्पोर्ट्स क्लबको आयोजनामा बृहत रक्तदान कार्यक्रम सम्पन्न भएको हो । छठ पुजाको अवसरमा विगत एक दशकदेखि घडिअर्वा स्पोर्ट्स क्लब, वीरगंजले घडिअर्व पोखरी परिसरमा आयोजना गर्दै आएको रक्तदान कार्यक्रमलाई निरन्तरता दिदै रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । घडिअर्वा स्पोर्ट्स क्लबका अध्यक्ष लखन गुप्ताको अध्यक्षता तथा वीरगंज महानगरपालिकाका नगर प्रमुख (मेयर) विजय कुमार सरावगीको प्रमुख आतिथ्यमा सम्पन्न भएको आजको रक्तदान कार्यक्रममा ५ महिला सहित १ सय ३ जनाले रक्तदान गरेका थिए ।

### नेपालमा मात्र दुई पार्टी आवश्यक : ज्ञवाली

चन्द्रकान्त खनाल, रूपन्देही । नेकपा एमालेका सचिव प्रदिपकुमार ज्ञवालीले नेपालमा दुई वटाभन्दा बढी पार्टी आवश्यक नभएको बताए । सबै कम्युनिष्टहरूबीच एउटै पार्टी बनाउने प्रकृया सुरू गरी सकेका छौं, अब कांग्रेसले पनि गैरकम्युनिष्टहरूबीच एकता प्रकृया सुरू गरोस् भन्ने सुझाव दिन चाहन्छु गुल्मीको तम्घासमा आयोजित पत्रकार सम्मेलनमा सचिव ज्ञवालीले भने । विश्वका कतिपय मुलुकमा कम्युनिष्टहरूलाई छिन्नभिन्न र असफल पार्ने प्रयास भई रहेका बेला नेपालमा वाम एकताको थालनीले अन्य विभिन्न शक्तिहरू अत्तालिएको बताउँदै उनले कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा जस्तो व्यक्तिलाई गैह्र राजनैतिक अभिव्यक्ति नदिन समेत सुझाव दिए ।

### कैलालीमा रोटी मेला

धनगढी । धनगढीमा एकदिने प्रथम रोटी मेला सम्पन्न भएको छ । टीकापुर पर्यटन समितिले रोटी परिकारको बारेमा जानकारी दिने तथा संरक्षण गर्ने उद्देश्यले एक दिने मेलाको आयोजना गरेको हो । ढिक्री, खीर जस्ता मेलाको आयोजना गर्दै आएको टीकापुर पर्यटन विकास समितिले पहिलो पटक रोटी मेलाको आयोजना गरेको हो । कोदोको रोटी, फिनी, रूमाले रोटी, सेलरोटी, नेवारी रोटी, सल्यानी रोटी, डङ्गौरा थारू र राना थारू समुदायमा बनाइने रोटीहरू मेलामा बिक्री तथा प्रदर्शनीका लागि राखिएको थियो ।

### राजपा बाँकेमा प्रवेशको लहर

नेपालगन्ज । संघीय समाजवादी फोरम नेपाल बाँकेका संस्थापक नेताहरू राष्ट्रिय जनता पार्टी नेपाल बाँकेमा प्रवेश गरेका छन् । कौशल कुमार मिश्र जिल्ला अध्यक्ष तथा प्रदेश सदस्य र राजेन्द्र कुमार जिल्ला सचिव तथा पुव युवा फोरम राष्ट्रिय उपाध्यक्ष, आननद कुमार विशवकृ जिल्ला युवा अध्यक्ष जिल्ला समिति सदस्य ,ममता बनिया महिला जिल्ला अध्यक्ष तथा प्रदेश सदस्य ,अजय पाठक जिल्ला समिति सदस्य नन्दु सोनि वाड अध्यक्ष ११ नगर, धुब कुमार वैश्य वाड समिति सदस्य ८ वाड लगायतका ५० नेताहरू राजपा नेपाल बाँकेमा प्रवेश गरेका छन् ।

### रौतहटमा रोकिएन तस्करी

राकेश यादव, रौतहट । सशस्त्र प्रहरीले छुट्टाछुट्टै समयमा पक्राउ गरेको करिब एक लाख पचास हजार मूल्य बराबरको समान सोमबार गौर भंसार बुझाएको छ । सिसुकाबाट खटेको मोबाईल टोलीले जिल्ला रौतहट गौर नगरपालिका ५ मा भन्सार छली अबैध रूपमा भारतबाट नेपाल तर्फ ल्याउदै गरेको अन्दाजी मुल्य रू १ लाख ५० हजार बराबरको औषधी, वाईफाई राउटर तथा विभिन्न किसिमका किराना सामानहरू बरामद गरेको थियो । बरामद भएको राउटर सशस्त्र प्रहरीका घुमवाले विक्री गरेको खुलासा भए पछि सशस्त्र प्रहरीले सोमवार त्यों सामान सार्वजनिक गरी कार्यवाहीका लागि गौर भंसार पठाएको हो । सीमा नाकामा रहेका सशस्त्र प्रहरी र नेपाल प्रहरीका इकाई प्रमुखको मिलोमतोमा भइरहेको तस्करी अझ नियंत्रण भएको छैन । नेपाल प्रहरीका प्रमुख यज्ञ विनोद पोखरेल छाती फुलेर तस्करी नियंत्रण भएको ठोकूवा गर्दै आएका छन् भने अर्को तीर सशस्त्र प्रहरीका टोलीले तस्करीका सामान समात्ने गरेकोले तस्करी नियन्त्रण नभई सञ्चालन रहेको पुष्टि भैराखेको छ ।

### आगलागीबाट लाखौंको क्षति

मोरङ । बिराटनगर महानगरपालिका-१८ डामाडिकिस्थित सुभासचन मण्डलको घरमा आइतबार विद्युतको तार सर्ट भई आगलागी हुँदा करीब ३ लाख ५० हजार रूपैयाँ र सोही ठाउँ बस्ने बैजनाथ मण्डलको भुस राख्ने घर पूर्ण रूपले जलि नष्ट भई करीब २५ हजार रूपैयाँ बराबरको धनमाल क्षति भएको छ । यसैगरी मोरङ मिक्लाजुङ गाउँपालिका-५ सानो साम्लिङ बस्ने भुपेन्द्र कार्कीको घरमा रहेको मिलबाट आइतबार करेन्ट सर्ट भई आगलागी हुँदा नगद २ लाख, सुनका गहना, किराना पसलको सामान समेत गरी करीब ६७ लाख रूपैयाँ बरावरको धनमाल जलेर क्षती भएको छ । स्थानियबासी र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिहरेको छ ।

### १०२ जना डेंगुका बिरामी फेला

रूपन्देही । रूपन्देहीमा १ सय १२ जनामा डेंगु रोगका बिरामी फेला परेका छन् । ती रूपन्देहीका सरकारी तथा निजी अस्पतलमा उपचार गराइरहेका छन् भने त्योभन्दा तेब्बर काठमाडौं बाहिर नारायणघाट काठमाडौं उपचारमा गराएको बताइएको छ । जिल्ला जनस्वास्थ्य कार्यालय रूपन्देहीका अनुसार १ सय १२ जनामा डेगु भएको पुष्टी गरेको छ । बुटवल भैरहवा लगायतका सरकारी तथा निजी अस्पतामा उनीहरूले उपचार गराइरहेका छन् । जनस्वास्थ कार्यलय रूपन्देहीले मंसिरसम्म यो रहने भएकोले सजग रहन आग्रह गरेको छ । जिल्लाका सबै स्वास्थ्य संस्थामा डेगुको परिक्षण गर्न किट उपलब्ध गराईसकेको र सबै निजी तथा सरकारी अस्पताल संग सहकार्य गरि बिरामीको उपचार भैरहेको जिल्ला जनस्वास्थ्य कार्यल रूपन्देहीका प्रमुख केयरसिंह गोदारले वताए । उनले सबैमा सचेत हुन आग्रह गरेका छन ।

# भारतको विरोध गरेर राष्ट्रियता बलियो हुँदैन



डा. राजन भट्टराई, सदस्य, नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह

परिचयपत्र सबै नागरिकलाई उपलब्ध गराइसकेपछि मात्रै हामीले यो व्यवस्था लागू गर्ने हो । नेपाली र भारतीय नागरिकसँग परिचयपत्र भएपछि मात्रै त्यस्तो हुन्छ । कतिपय देशहरूमा चिप्स कार्ड हुन्छ ।

**० हालै सम्पन्न नेपाल-भारत प्रबुद्ध व्यक्ति समूहको पाँचौं बैठकले के ठोस निर्णयहरू गरेको छ ?**

– नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह दुई वर्षका लागि गत वर्ष जुलाईमा गठन भएको हो र आउने वर्षको जुलाईसम्म यसको म्याद रहेको छ। नेपाल र भारतको सम्पूर्ण पक्षलाई अध्ययन गरी र त्यसमा पुनरावलोकन गर्दै त्यसपछि नेपाल भारतको सम्बन्ध कस्तो हुनु पर्दछ त्यसको लागि यो समूह गठन भएको हो। हामीले अहिलेसम्म पाँच ओटा बैठक सम्पन्न गरेका छौं। हामीले ती पाँच ओटै बैठकमा सबै विषयमा छलफल गरेका छौं। सन् १९५० को सन्धि देखी लिएर, दुई देशको सार्वभौम, दुई देशबीचको जलस्रोतको साझेदारीको कुराहरू, दुई देश बीचको शान्ति सुरक्षा, दुपक्षीय नीति र नेपाल-भारतको सीमा व्यवस्थापनसम्मका विषयमा हामीले गहन भएर छलफल गरेका छौं। यो छलफलबाट हामी के निष्कर्षमा पुगेका छौं भने यो सकारात्मक दिशा तर्फ अगाडी बढेको छ। अहिले एकले अर्काको कुरा बुझ्ने ठूलो मद्दत पुगेको छ। बैठकबाट क्रमिक रूपमा रिपोर्टहरू बुझाउनु पर्ने हुन्छ। भारतबाट चार जना र नेपालबाट चार जना गरि हामीले एउटै रिपोर्ट पेश गर्छौं। हाम्रो कोशिस अधिकतम एउटै धारमा रिपोर्ट बनाएर पेश गर्ने रहेको छ।

**० स्थलमार्गबाट पनि आवत-जावत गर्नका लागि प्रवेशपत्र लागू गर्ने कुराहरू बाहिर आइरहेको छ, यथार्थमा के हो ?**

– त्यस्तै गर्नु पर्ने कुरा आएको होइन। हामीले सीमाको कुरा गर्‍यौं। त्यसमा छलफल गरिसकेपछि के कुरा आयो भने हवाई मार्गबाट आवत जावत गर्दा एउटा नियम र स्थलमार्गबाट आउँदा जाँदा अर्को नियम छ। यस्तो दोहोरो व्यवस्था संसारको कुनै पनि मुलुकमा छैन्। कुनै न कुनै परिचयपत्र देखाउनु पर्ने हुन्छ तर नेपाल र भारतको सन्दर्भमा यस्तो नभएपछि यसलाई कसरी नियमन गरी एकरूपता कामय गर्ने। यो विषयमा के गर्दा उपयुक्त हुन्छ र कुन प्रकारको नियम लगाउँदा उपयुक्त हुन्छ भनेर बैठकमा छलफल भएको हो। भारतले आफ्नो तर्फबाट क्रमिक रूपमा सुधार गरिरहेको अवस्था छ। उनीहरूले आफ्नो सुरक्षा व्यवस्था राम्रो बनाई रहेको अवस्था छ। अब नेपालले पनि यी विषयमा सोच्नु पर्ने बेला आएको हो। भारतले हरेक ३ किलोमिटरमा एसएसबीलाई बस्ने व्यवस्था गरिसकेको छ। तर हाम्रो तर्फबाट हामीले केही गरेका छैनौं। त्यसैले यो प्रकारको असंगतिहरू उतापटी हुदैं जाने र यतापटि केही नगर्ने जस्तो छ। यति मात्रै नभएर, सीमामा पनि अपराधिक गतिविधीहरू बढेको अवस्था छ। तस्करीहरू भयावह मात्रामा बढेको र नियन्त्रण कसरी गर्ने भन्ने विषयमा गम्भीर हुने अवस्था छ। भारतीय नक्कली मुद्राहरूको कारोबार पनि भइरहेको छ। यसलाई कसरी व्यवथापन गर्ने भनेर विषय उठिरहेको छ। यसको समाधान गर्ने विषयमा पनि हाम्रो छलफल भइरहेको छ। तर यो विषयमा कुरा भइरहँदा सीमा नाकामा बसोवास गर्ने नागरिकलाई आवत जावतको सहजतामा कुनै असर नपरोस् भन्नेमा दुबै पक्ष चनाखो हुनुपर्छ।

**० तपाईंले भने जस्तै सीमा क्षेत्रमा तस्करीको अवस्था विकराल छ। तर सीमा नाका नजिकै रहेको प्रहरी र प्रशासनले किन नियन्त्रण गर्न नसकेको हो ?**

– प्राशासन र प्रहरी फरक कुरा हो। उनीहरू गस्तीको लागि सीमा नाकामा जाने गर्छन्। तर भारत तर्फबाट सीमासँगै एसएसबीलाई तैनात गराइएको छ। त्यसरी नै नेपालबाट पनि सुरक्षा व्यवस्थाको बन्दोबस्त गर्नुपर्ने आवश्यता रहेको छ। नेपालको तर्फबाट पनि सशस्त्र प्रहरी बल ३० किलोमिटरको दुरीमा रहेको छ। एकचोटी राउण्ड लगाउन जान्छ फेरी फर्केर आइहाल्छ। भारतले जसरी हरेक दुई-तीन किलोमिटरमा एसएसबीको लागि क्याम्प बनाएको छ त्यसरी त हाम्रो तर्फ छैन। यो अवस्थाबाट गलत तत्वहरूले फाइदा उठाईरहेका छन्। त्यो हुन नदिन र सँगै त्यहाँ बसोवास गर्ने दुबै देशको नागरिकलाई कुनै अप्ठ्यारो नपरोस् भन्ने तर्फ हाम्रो छलफल भइरहेको छ।

**० सीमा-नाकाहरूको स्तम्भ हराएको छ, अब फेरि सीमाका स्तम्भ हाल्नेदेखि लिएर व्यवस्थापन गर्न कस्तो योजना रहेको छ ?**

– नेपाल र भारत दुबै सार्वभौमसत्ता सम्पन्न मुलुक हो। दशगजा क्षेत्रदेखि लिएर कतिपय यस्ता क्षेत्र पनि छन् जहाँ नेपाल र भारतबीचमा रहेको स्तम्भहरू हराएका छन्। कतिपय ठाउँमा नेपाल मिचिएको छ भने कतिपय ठाँउमा भारतले नेपालको भूमि अतिक्रमण गरेको छ। हराएको स्तम्भहरूलाई पनि व्यवस्थापन गर्नु पर्ने अवश्यकता रहेको छ। यी सबै ठाउँलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार बनाउनु पर्छ। त्यहाँको जनताको सुरक्षाको कुरा, उनीहरूको भौतिक पूर्वाधारको लागि बाटोघाटो, स्वास्थ्य शिक्षा, बिजुली सबैको राम्रो व्यवस्थाका लागि दुबै देशले ध्यान दिनु पर्ने देखिन्छ। दुबै देशका नागरिकहरूबीच विभिन्न प्रकारका सम्बन्धह रहेको छ। तर बजार, अस्पताल, सबैको उपयोग दुबै देशका नागरिकले राम्ररी गर्न सकोस भन्ने पक्षमा पनि दुबै देशले ध्यान दिनु पर्ने रहेको छ।

**० नेपाल-भारतबीच सीमा नाकामा विभिन्न पकारका समस्याहरू रहेका छन्, त्यसलाई भारतले कुन रूपमा व्यवस्थापन गर्ने योजना बनाएको छ ?**

– भारतको तर्फबाट उहाँहरूको समस्या के रहेको छ भने अपराधिक घटना बढेको, भारतीय मुद्रा नेपालमा भेटिएको, भारतमा अपराध गरेर नेपालमा पसेको जस्ता विषयहरू बैठकमा उठाएको छ। यस्ता कुराहरू नियन्त्रण गर्न भारतीय पक्षले बारम्बार भन्दै आइरहेको छ। यसका लागि भारतले सुरक्षा व्यवस्था कडा बनाएको छ। तर हामीले केही पनि गर्न सकेका छैनौ।

**० दुई देशका नागरिकबीच विभिन्न कामले आवत-जावत भइरहन्छ। यसरी परिचयपत्रको व्यवस्ता लागू गरियो भने अप्ठ्यारा पर्दैन ?**

– परिचयपत्र सबै नागरिकलाई उपलब्ध गराइसकेपछि मात्रै हामीले यो व्यस्था लागू गर्ने हो। नेपाली र भारतीय नागरिकसँग परिचयपत्र भएपछि मात्रै त्यस्तो हुन्छ। कतिपय देशहरूमा चिप्स कार्ड हुन्छ। एकपटक डिभाइसमा देखाएपछि सबै कुराको जानकारी आउँछ। हङ्कङ्ग र चीनको बीचमा पनि त्यस्तै आवत जावत हुन्छ।

**० सीमा क्षेत्रमा भइरहने अपराधिक घटनालाई नियन्त्रण गर्न तारबारको व्यवस्था गर्नुपर्ने आवश्यता छ ?**

– मैले तारबारै लगाउनु पर्छ भन्ने तर्फ गएको छैन। तर, यी अपराधिक घटनालाई नियन्त्रण गर्न सीमा नाकालाई व्यवस्थापन गर्नुपर्ने हुन्छ। त्यसका लागि मुख्य-मुख्य नाका बनाएर चेकजाँच व्यवस्था गर्ने कि अरू कुनै विकल्प अपनाउने भनेर दुबै देशबीच समझदारी गरेर गर्नुपर्ने हुन्छ।

**० प्रबुद्ध समूहको पहिलो बैठकले नेपाल-भारतका सम्पूर्ण सन्धि सम्झौता, पावधानलाई पुनरावलोकन गर्ने निर्णय गरेको थियो, त्यसमा अहिलेसम्म कस्तो प्रगति भएको छ ?**

– समग्र पक्षलाई समेट्ने गरी हामीले ६-७ ओटा विषयमा सघन छलफल गरिरहेका छौं। कतिपय विषयमा हामी एकदमै नजिक पुगिसकेका छौं। अलि विवादित विषयहरूमा हाम्रो मुलुकलाई घाटा नहुने गरी कसरी अगाडी बढ्ने विषयमा छलफल भइरहेको छ।

**० नेपाल र भारतबीचको सम्बन्धलाई अझै प्रगाढ बनाउन राजनीतिक, सामाजिक लगायतका क्षेत्रबाट कस्तो प्रकारको सहयोग गर्न सकिन्छ ?**

– नेपाल र भारतबीच व्यापक र ठूलो सम्बन्ध छ। हामी दुबै सार्वभौमसत्ता र संयुक्त राष्ट्र संघका सदस्य मुलुक हौं। राष्ट्र संघको मान्यताअनुसार हामी अगाडी बढेका छौं। दुबै देशबीचको सम्बन्धलाई अझै गहिरो र फराकिलो बनाउन सक्छौं। हामीले अब भारतको विरोध गरेर नेपालको राष्ट्रियता बलियो हुन्छ भन्ने कुरा सोच्नु हुँदैन।

*(मधेशवाणीका लागि विजय यादवले गरेको कुराकानीको सम्पादित अंश)*

## राजपा र संघीय फोरम...

परिणाम मुख्य चुनौती मुख्य सत्तारूढ दल कांग्रेसकै लागि हो। एमालेका लागि त सामना गर्नै नसक्ने चुनौती राजपा र संघीय समाजवादीले पेस गरिसकेका छन्। माओवादीका लागि पनि धान्न नसक्ने चुनौती यिनै दुई दल राजपा र संघीय समाजवादी अघि आएका छन्।

स्थानीय तहका कुल ७६६ को संख्याको तुलनामा मधेशी दल कम देखिए पनि उनीहरूको राजनीतिक प्रभाव मधेश क्षेत्रमा मुख्य रूपमा बढेको चुनावी परिणमले देखाएको छ। स्थानीय सत्ताका संख्यामा कम हुँदाहुँदै राजनीतिक प्रभावमा उम्दा देखिने मधेशी दलको उदाउँदो शक्ति नै ठूला दलका लागि मधेश उनीहरूको कब्जाबाट मुक्त हुँदै गरेको उदाहरण हो। कम्तीमा २ नम्बर प्रदेशसहित मधेशका २२ जिल्लामा राजपा र संघीय समाजवादी मिले भने कांग्रेस, एमाले र माओवादीलाई सके जित्ने छन्, नभए पनि हायलकायल पार्ने निश्चित संकेत चुनावले देखाएको छ।

तर के असोज २ को मतादेशलाई शिरोधार्य गरेर राजपा र संघीय समाजवादी मंसिर १० र २१ मा चुनावी चुनौती सामना गर्न तयार होलान् त ? यद्यपी आगामी निर्वाचनकमा तालमेल गर्ने विषयमा दुबै दल तयार रहेपछि अहिलेसम्म त्यसको रोडम्याप आइसकेको छैन्। जनताले पार्टी एकता नभए पनि आगामी निर्वाचनमा दुबै मधेशी दल तालमेल गरेर जाओस् भन्ने आकाक्षां राखेका छन्।

विजय गच्छदार, जेपी गुप्ता र शरतसिंह भण्डारीहरूले पटक-पटक विभाजित गरिदिएर पनि एक्लो बलमा २ नम्बरको पहिलो बनेको संघीय समाजवादीका अध्यक्ष उपेन्द्रका लागि यो जित विजयको उन्मादी बढेको सुखद समय हो। जितको उन्मादीमा उनले आफैँबाट फुटेर गएका दलहरू समेत सामेल राजपासँग सहकार्य र एकताको हात नबढाउन सक्छन्। तर राजनीति हो असम्भव केही नहुन पनि सक्छ।

# छठ : सूर्य दर्शनको पर्व

राजकरण महतो

पर्वहरू मनाउने क्रममा दशैं, दिपावली र तिहार पर्वपछि अहिले छठ पर्व मनाइँदै छ। आस्था र सहअस्तित्वको पर्व छठको आज तेस्रो दिन, जसलाई लोकबोलीमा 'सझियाँ घाट' भन्ने गरिन्छ।

मानव र प्रकृतिबीचको सम्बन्धलाई छठले प्रत्येक वर्ष प्रगाढ बनाउँदै आइरहेको छ। मानव जातिको पीडाप्रति सजग गरी छठ पर्वले हरेक वर्ष दीपावली समाप्तिपछि मानव र प्रकृतिबीच हराउँदै, बिलाउँदै, लोप हुँदै गइरहेको संवेदनशील रागात्मक, अटुट संवाद–सम्बन्धको सुत्रधारलाई सबलीकरण गर्दै मानव र प्रकृतिबीच सम्बन्धलाई डोरीको गाँठो जस्तो बाँधने काम गर्छ।

भनिन्छ-भक्त र भगवानसँग सीधा वार्तालाप छठ पर्वमा हुन्छ। यो नै एउटा पर्व हो, जसमा पुजारी/पुरोहित आवश्यक पर्दैन। छठमा अर्घ दिइने सूर्य भगवान प्रत्यक्ष देखिन्छ। त्यसैले पुजारी चाहिँदैन।

छठ उत्सव मनाउँदा परिवारका युवा सदस्यले यी धार्मिक विधि अवलोकन गरिरहेका हुन्छन्। अवलोकनसँगै विधिहरू सिधै सिक्ने र यो क्रम सन्ततीमा सर्दै आएको छ। केही छठ घाटमा सूर्य भगवानको मूर्ति निर्माण गरी व्रतालु सूर्य नमस्कार गर्छन्। अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ दिँदा पनि पुजारी आवश्यक पर्दैन। व्रतालुहरू सूर्यमन्त्र उच्चारण गर्दै अर्घ अर्पण गर्छन्।

छठ शब्द संस्कृतको 'षष्ठी' शब्दबाट विकसित भएको इतिहास छ। चार दिवसीय छठ व्रतमा सबै भन्दा कष्ट, कठिनाई, दौडधुप, श्रम–शक्ति र महत्वको हिसाबले कात्तिक शुक्ल षष्ठीको दिनै हुन्छ।

कात्तिक शुक्ल षष्ठी तिथिका दिन नेपाल र भारतमा धुमधामका साथ मनाइने निकै चर्चित पर्व हो छठ। यो पर्व षष्ठी पूजाको अपभ्रंशका रूपमा आएको हो। यस पर्वमा सूर्यको उपासना गरिन्छ र छठी माता (श्रीसपता) को पूजा गरिन्छ। अस्ताउँदो सूर्यलाई अर्घ अर्पण गरेर प्रारम्भ हुने यो व्रत भोलिपल्टको उदाउँदो सूर्यलाई अर्घ अर्पण गरेर विसर्जन हुने गर्छ। निकै पवित्र, सफा सुग्घर र निष्ठापूर्वक मनाइने लोकपर्व धेरै दृष्टिकोणबाट मननयोग्य छ। छठको धेरै महत्व छन्। छठको महत्वपूर्ण ८ विशेषताहरूको चर्चा गर्न जरूरी छ।

**१) सामाजिक सद्भावको पर्व**

छठ सामाजिक सद्भावको पर्व पनि हो। हाम्रो समाजमा छुवाछूत, भेदभाव, तल्लो जाति-माथिल्लो जातिबीच पानी बराबारको अवस्था अझै कायमै छ। कानुनी रूपमा छुवाछुतको अन्त्य भएपनि समाजमा छुवाछुत भने कायमै छ। तर छठ पर्वले सामाजिक भेदभावको बाँध भने परापूर्व कालदेखिनै भत्काइएको देखिन्छ।

त्यसैगरी यो पर्व मनाउने सनातन धर्मावलम्बीबीच समुदायगत, जातिगत, भाषागत भिन्नता पनि छन्। धार्मिक भिन्नता पनि छन् तर यो व्रत गर्ने व्रतालु वा सघाउने श्रद्धालुबीच त्यसका आधारमा कुनै वैमनस्यता वा द्वन्द्व कहिल्यै हुने गरेको छैन। कुनै जात जाति हुन, तिनको दौरा, छैंटी श्रीपताको अगाडि मिलेर, मिलाएरै राखिएका हुन्छन्, सबै एउटा गोलमा अटाएको दृश्य हेर्दा राजनीतिले छुट्याएको पहाडी, मधेसी, जातजाति भेद यहाँ सबै टुंगिन पुग्छ। तसर्थ यो व्रतले सामाजिक सद्भाव र मानवीय एकतालाई अझ मजबुत बनाएको देखिन्छ। अझै ध्यान दिनुपर्ने कुरा के छ भने अरू बेला अछूत भनेर तिरस्कार गर्ने समाजका कुलीन वर्गका छोरी र बुहारी पनि बाटोको छेउमा अँचरा (आँचल) थापेर प्रसाद माग्छन् र प्रसाद जुनसुकै जातजातिको होस, आँचलमा पर्यो भने त्यसलाई पवित्र मानेर ग्रहण गर्छन्। यसले के प्रमाणित गर्छ भने हाम्रो समाजलाई एकताको सूत्रमा बाँध्न यस्ता पर्वहरूको ठूलो योगदान छ।

**२) एकताको सन्देश प्रवाह गर्ने पर्व**

सबै मिलेर घाट बनाउने, सजाउने, सरसफाइ गर्ने, सुरक्षा दिने, रमाउने गतिविधिले मानवीय भाइचारा, सामाजिक एकता र सामाजिक सद्भावलाई दह्रो बनाउन छठ पर्वले मद्दत गरेको छ। तराई-मधेसमा बस्ने हिन्दु धर्मावलम्बीले मनाउने यो पर्वले छिमेकमा बस्ने इस्लाम, बुद्ध धर्म मान्नेलाई पनि आफ्नो प्रभावमा राख्दै आएको छ। पहाड र राजधानी यति बेला छठमय भएको छ। बहुसांस्कृतिक, बहुभाषिक र बहुजाति प्रकृतिका समावेशी पर्व छठको सौन्दर्यका लागि मधेश, पडाड र हिमालसंग छठको प्रेम छ। प्रायःजसो मधेशी परिवारमा गरिमामय स्थानमा भएको महिलाको नेतृत्वमा छठ मनाइन्छ। नारीको महत्व छठले पनि बढाएको छ। बालबालिका र युवायुवतीहरू यस पर्वमा बढी सक्रिय रहन्छन्।



पुजन प्रक्रियाको सुरूदेखि समापनसम्म सबै जाति, समुदाय र धर्मका मानिसको सहभागी हुने हुनाले यसलाई समानताको पर्व पनि भन्न सकिन्छ।

**३) लोकतान्त्रिक पर्व**

लोकतन्त्रमा सबै बराबर हुन्छ भनेझैं छठ पर्वले आफूलाई लोकतान्त्रिक पर्व हो भनेर आफूलाई सदियौंदेखि चिनाउँदै आएको छ। सूर्य आफैंमा लोकतान्त्रिक देवता हुन। उनी बिना कुनै विभेद गरिब र धनी सबैलाई समान रूपले प्रकाश छर्छन।

सूर्यको प्रकाश बिना मानव, जीवजन्तु र प्रकृतिको अस्तित्व रहदैंन। सूर्यको प्रकाश सबैको लागि बराबर हुन्छ। प्रचण्ड घाम लाग्दा त्यो घामले गरिबलाई मात्र पोल्दैन, धनीलाई पनि पोल्छ, त्यसैले सूर्यको व्यहार सबैको लागि बराबर हुन्छ।

सूर्यबिना विश्वको अस्तित्वको कल्पना गर्न सकिदैन। सूर्य ऊर्जाकै कारण विश्व जीवित र चलायमान छ, जीवन र प्रकृतिबीचको सन्तुलन कायम छ। भिटामिन'डी'को मूख्य स्रोत सूर्य नै हुन्।

जीवजन्तु समस्त वनस्पतिको जीवनरक्षा सूर्यऊर्जाले सम्भव भएको कुरा विज्ञानद्वारा प्रमाणित छ। सूर्यको किरणमा छालाको रोगका साथै मुटु, जोर्नी र टाउकोको व्यथालाई निको पार्ने सामर्थ्य भएको प्राकृतिक चिकित्सा विज्ञानले पुष्टि गरेको छ।

यसरी महारोगबाट मुक्ति, पीडाबाट निजात, सन्तान सुख, पारिवारिक सुख, सुस्वास्थय, दिर्घायु आदिको कामना पूर्तिका लागि सूर्यको उपासना गरिन्छ। षष्टी तिथिमा सूर्यको उपासना गर्ने विधि उपक्रमलाई छठपूजा भनिन्छ।

**४) अहिंसाको पर्व**

यस पवले संसारमा सबै जीवजन्तुको रक्षा गर्छ। दशैंमा जस्तो बली प्रथालाई यस पर्वले निषेध गरेको छ। शाकाहारी र अहिंसा भावले अनि शुद्धतालाई निकै महत्व दिई छठपूजा गरिन्छ। ब्रातलुहरू यस पर्वमा प्याज, लसुन, माछा मासु खादैंनन्। यस पर्वमा सबैको जय जयकार गरिन्छ।

**५) आस्था र भक्तिभावको पर्व**

छठ पूजाप्रति कामना पुरा हुने विश्वासले जुनसुकै तह, तप्का र क्षेत्रका व्यक्ति तथा समुदायमा आस्था दिनानुदिन बढेको पाइन्छ। त्यसैले छठपर्वलाई आस्था र विश्वासको पर्वसँगै सद्भावको पर्व पनि भनिन्छ। एकताका तराईको पनि निश्चित भू-भागमा मात्र मनाइने गरिएको छठपर्व २०६३ सालमा पहाडमा अवस्थित राजधानी सहर काठमाण्डौंको ऐतिहासिक रानीपोखरीसम्म पुग्यो।

त्यसबेलादेखि आजसम्म यो पर्वले काठमाण्डौंसहित अन्य पहाडी क्षेत्र र सहरमा विस्तार अनि सम्मान पाएको छ। भविष्यमा यो पर्वले पहाड र तराई-मधेसबीच भइरहेको सद्भावलाई थप प्रगाढ बनाउनुका साथै सांस्कृतिक पर्यटकीय विकासको सम्भावनालाई बलियो बनाउने विश्वास गर्न सकिन्छ।

**६) गीतमय पर्व**

छठको सुरूदेखि अन्त्य सम्म सबै विधि विधान गीतबाटै बुझ्न सकिन्छ। छठ पर्व आउन २० दिन अघिदेखि नै छठको गीत संगीत घरघरमा गुञ्जिन्छ। जसले छठ आएको भान हुन्छ। गीतले छठ आउँदैछ। तयारीमा जुट पनि भन्छन्। अर्थात छठ पर्वप्रति सचेत हुन गीतले सघाउ पुर्‍याउँछ। छठ गीतमा पूजा विधि, कामना पूर्तिका लागि माताको स्तुति तथा सामाजिक सद्भाव बढाउने उक्ति पाइन्छन्।

गीत छठ पूजाको अभिन्न अंग हो। यसले छठ पर्वलाई बुझ्न मात्रै होइन आकर्षक र रौनक बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

**७ कृषि र कृषकको पहिचानको पर्व**

छठ लोकपर्वले कृषि उत्पादनको महत्वलाई स्वीकार गरेको छ। जीवन र प्रकृति एकअर्काका पूरक हुन। प्राकृतिक सम्पदाका संरक्षण गर्नु जीवनको सम्पन्नताको साँचो हो भन्ने तथ्य यो पर्वमा सधैं प्रयोग गरिने भन्दा फरक उत्पादन चढाउनुले पुष्टि गर्छ।

गवडी धान (साठी) सुथनी, अदुवा, बोडी, उखु, नरिवल, सखर (मिठ्ठा), कागती, केराको थम्बा, गहुँ आदिको प्रयोगले किसानको श्रमको कदर गरेको छ। प्रकृतिको उत्पादनलाई स्वीकार गरिएको छ। नेपालको कृषि पहिचानलाई छठ पर्वले जगेर्ना गरेको छ। प्रायः सबै पूजा समाग्रीहरू स्थानीय गाउँ घरमै उत्पादित कृषी समाग्री प्रयोग गरेका पाइन्छ।

**८) नारी सशक्तीकरणको अनुष्ठानको पर्व**

छठ सूर्यको उपासनाको पर्व भए पनि यस पर्वले सामाजिक सद्भाव, मानवीय सद्भाव, श्रम र प्रकृतिलाई आदर र पवित्रताका धर्म यसको मूल मान्यता हो भन्न सकिन्छ। सूर्यको उपासनामा कृपालु छठी माईको आशिष बिना अनुष्ठान पूरा हुनै सक्दैन। यो मातृ शक्तिप्रतिको श्रद्धा हो। छठ मात्र यस्तो अनुष्ठान हो, जसमा छोरीको कामना गरिन्छ। छठी माईको गीतमा यसको स्पष्ट झझल्को पाइन्छ।







मिथिला दर्शन टी.भी.
कार्यक्रम हेर्न नभुल्नु होला ।
मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।
विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : राजेश अहिराज, कार्यकारी सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं